# लेखापरीक्षण प्रतिवेदन

# खाँदवारी नगरपालिका, संखुवासभा

## आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# खाँदवारी नगरपालिका, संखुवासभा

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/480

श्रीमान् नगर प्रमुखज्यू,
खाँदवारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
संखुवासभा।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/480

## स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् नगर प्रमुखज्यू,
खाँदवारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
संखुवासभा।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

### १. कैफियत सहितको राय

हामीले तहाँ नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारीतर्फको विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. नगरपालिकाको रू. १ अर्ब ८१ करोड २८ लाख ५२ हजार लेखापरीक्षण गरिएकोमा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा १०३ सैद्धान्तिक दफाहरु सहित रू. ३ करोड ६४ लाख ८० हजार (२.०१ प्रतिशत) बेरूजु देखिएको छ। सो सम्बन्धमा रू. ४२ लाख ३८ हजारको प्रतिक्रियाबाट सम्परीक्षण भई असुल गर्नुपर्ने रू. ३४ लाख ६७ हजार, नियमित गर्नुपर्ने रू.२ करोड ५६ लाख २ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २८ लाख ९८ हजार र पेश्की बांकी रू.२ लाख ७५ हजार गरी जम्मा रू. ३ करोड २२ लाख ४२ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम भएको बेरुजु रू.४१ करोड ४० हजार मध्ये रू. ७८ लाख ४७ हजार सम्परीक्षण भई यसवर्षको थपसमेत हालसम्मको अद्यावधिक बेरूजु रू. ४३ करोड ४४ लाख ३४ हजार रहेको छ। बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरूजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३.अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी  वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०३ | ९६ | ३,६४,८०,५९३ | ० | २४ | ४२,३८,७८५ | ० | १०३ | ७२ | ३,२२,४१,८०८ | ३४,६६,५८९ | २,५६,०२,१७२ | २८,९८,०४७ | ० | ० | २,८५,००,२१९ | २,७५,००० |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| संखुवासभा | ४१,००,३९,७८७ | ० | ७८,४७,२८८ | ४०,२१,९२,४९९ | ० | ३,२२,४१,८०८ | ४३,४४,३४,३०७ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ८३ | हेभिकोटेड ग्याविन गुणस्तर परिक्षण | ९,०३,२१८ |
| २ | २०८१/८२ | ५३.2 | संझौता तथा हाजिरी वेगर भुक्तानी | ४,५०० |
| ३ | २०८१/८२ | ६४.२ | शिक्षा तर्फ | ३,६५४ |
| ४ | २०८१/८२ | २५ | विल भर्पाइ भन्दा बढी भुक्तानी | १०,५२५ |
| ५ | २०८१/८२ | ७५ | रित पूर्बकको कर बिजक | ३१,३४० |
| ६ | २०८१/८२ | ५४.१ | बैठक भत्ता | ३५,७०० |
| ७ | २०८१/८२ | ८५ | फर्म वर्क कार्य दोहोरो | ४५,२९५ |
| ८ | २०८१/८२ | ४६.१ र ४६.२ | प्रविधि हस्तान्तरण | ६२,३०७ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८१/८२ | २४ | नाफामूलक संस्था लक्षित कार्यक्रम | ६०,४५७ |
| १० | २०८१/८२ | ८९.२ | तुम्लिङ्टार बस पार्क | ६,००० |
| ११ | २०८१/८२ | ४४ | तालिम सम्बन्धि नर्म्स | १०,५०० |
| १२ | २०८१/८२ | ६१.१ | कोशी सडक जग्गा लगतकट्टा | १,९९,८९२ |
| १३ | २०८१/८२ | ४८ | कर कट्टी नभएको | १९,२६० |
| १४ | २०८१/८२ | ७६ | एजबिल्ट ड्राइङ्ग | ५०,००० |
| १५ | २०८१/८२ | ७२.३ | अरुण नदी ढोलबाजा लिफ्ट पानी आपुर्ती | २७,५०,००० |
| १६ | २०८१/८२ | ३६.३ र ३६.४ | अध्ययन अवलोकन भ्रमण | ४६,१३७ |
| १७ | २०८०/८१ | ४६ | स्थानीय भत्ता: | ३,७५० |
| १८ | २०८०/८१ | ६५ | सामाजिक सुरक्षा करकट्टी | ३,६०० |
| १९ | २०८०/८१ | ६६ | सहभागिता भत्ता | ५८,७१५ |
| २० | २०८०/८१ | ६३ | यातायात खर्च: | ५७,००० |
| २१ | २०८०/८१ | १२० | मु.अ.कर जरिवाना : | १,०९,०४१ |
| २२ | २०८०/८१ | ७५ | बिद्यालय सहयोगी | ७,९८,००० |
| २३ | २०८०/८१ | ५९ | बढी ग्रड भुक्तानी: | ४९,०५९ |
| २४ | २०८०/८१ | ६२ | पोषाक खर्च: | ५,७०,००० |
| २५ | २०८०/८१ | १४० | पेश्कि बाँकि | ६,२५,००० |
| २६ | २०८०/८१ | ३९ | अवलोकन भ्रमण: | ७६,८०० |
| २७ | २०८०/८१ | १३३.३ | अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम: | २०,००० |
| २८ | २०८०/८१ | ५८ | अनुगमन प्रतिवेदन: | १,३२,००० |
| २९ | २०७९/८० | ४५ | बढी ग्रेड | १०,१९० |
| ३० | २०७९/८० | ३५ | आयोगको परामर्शः | ४२,६६० |
| ३१ | २०७८/७९ | ३५ | बढी ग्रड भुक्तानी | २६,८६८ |
| ३२ | २०७७/७८ | ९५ | ल्यानियममा नभएको ग्रेड सुविधा भुक्तानीः | ५९,६८८ |
| ३३ | २०७७/७८ | २२ | SuTRA | ४,२९,०३६ |
| जम्मा | | | | ७३,१०,१९२ |

**नोट: गत विगतको न्याम्स सिस्टम लागु हुनु भन्दा अगाडीको स्थलगत लेखापरीक्षण डोरमा सम्परीक्षण पेश भएकोमा सम्परीक्षण भएका निम्न आर्थिक बर्षहरुको निम्न दफाहरु यस रहेका छन्।**

| सि.न. | आर्थिक बर्ष | बेरुजु दफा | सक्षिप्त विवरण | संम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७६।७७ | ६४ | उक्त बेरुजु सम्बन्धमागो.भा.न.१७।०७७।१२।१० को भौचरबाट पेश्की फर्छौट रू. ५,३३,०००।०० गरेको प्रमाणपेश गरेको आधारमा संम्परीक्षण गरिएको छ। | ५३३००० |
| २ | २०७६।७७ | ६४ | उक्त बेरुजु सम्बन्धमागो.भा.न.२७।०७७।१२।१० को भौचरबाट पेश्की फर्छौट रू. ४,२१,०००।०० गरेको प्रमाणपेश गरेको आधारमा संम्परीक्षण गरिएको छ। | ४२१००० |
| ३ | २०७६।७७ | ६४ | उक्त बेरुजु सम्बन्धमागो.भा.न.५६।०७७।०९।१७ को भौचरबाट पेश्की फर्छौट रू. ४,००,०००।०० गरेको प्रमाणपेश गरेको आधारमा संम्परीक्षण गरिएको छ। | ४००००० |
| ४ | २०७६।७७ | ६४ | उक्त बेरुजु सम्बन्धमागो.भा.न.१७८।०७७।१२।०४ को भौचरबाट पेश्की फर्छौट रू. ४,०१,३२४।०० गरेको प्रमाणपेश गरेको आधारमा संम्परीक्षण गरिएको छ। | ४०१३२४ |
| ५ | २०७६।७७ | ६४ | उक्त बेरुजु सम्बन्धमागो.भा.न.२३।०७९।०५।२३ को भौचरबाट पेश्की फर्छौट रू. २,१९,२६२।०० गरेको प्रमाणपेश गरेको आधारमा संम्परीक्षण गरिएको छ। | २१९२६२ |
| ६ | २०७६।७७ | ६४ | उक्त बेरुजु सम्बन्धमागो.भा.न.३३३।०७८।०३।२७ को भौचरबाट पेश्की फर्छौट रू. ४,९७,१४८।०० गरेको प्रमाणपेश गरेको आधारमा संम्परीक्षण गरिएको छ। | ४९७१४८ |
| ७ | २०७६।७७ | ६४ | उक्त बेरुजु सम्बन्धमागो.भा.न.३३३।०७८।०३।२७ को भौचरबाट पेश्की फर्छौट रू. ४,८४,८६३।०० गरेको प्रमाणपेश गरेको आधारमा संम्परीक्षण गरिएको छ। | ४८४८६३ |
| ८ | २०७६।७७ | ६४ | उक्त बेरुजु सम्बन्धमागो.भा.न.३३३।०७८।०३।२७ को भौचरबाट पेश्की फर्छौट रू. ४,८९,६६३ गरेको प्रमाण पेशगरेको आधारमा संम्परीक्षण गरिएको छ। | ४८९६६३ |
| ९ | २०७६।७७ | ६४ | उक्त बेरुजु सम्बन्धमागो.भा.न.३२८।०७८।०३।२६ को भौचरबाट पेश्की | ३५७२९९ |

| | | | | |
|---|---|---|---|---|
| [illegible] | [illegible] | [illegible] | [illegible] फर्छौट रू. ३,५७,२११ गरेको प्रमाण पेशगरेको आधारमा संम्परीक्षण गरिएको छ । | [illegible] |
| १० | २०७६।७७ | ६४ | उक्त बेरुजु सम्बन्धमागो.भा.न.२३।०७८।०२।१३ को भौचरबाट पेश्की फर्छौट रू. ४,९५,०००।०० गरेको प्रमाणपेश गरेको आधारमा संम्परीक्षण गरिएको छ । | ४९५००० |
| ११ | २०७६।७७ | १८ | उक्त बेरुजु सम्बन्धमामिति २०८२।३।४ र मिति २०८२।२।८ मा रू. ३१३६३ र २३७३१ को राजस्व दाखिला गरेको सहिछाप सहितको भौचर पेश हुन आएकोले सोको आधारमा संम्परीक्षण गरिएको छ । | ५५,०९४ |
| १२ | २०७६।७७ | ३२ | उक्त बेरुजु सम्बन्धमामिति २०८२।३।४ मा रू. ६८०० को राजस्व दाखिला गरेको सहि छाप सहितको भौचर पेश हुनआएकोले सोको आधारमा संम्परीक्षण गरिएको छ । | ६,८०० |
| १३ | २०७६।७७ | ६४ | उक्त बेरुजु सम्बन्धमागो.भा.न.३१२।०७७।१०।१२ को भौचरबाट पेश्की फर्छौट रू. २,५०,०००।०० गरेको प्रमाणपेश गरेको आधारमा संम्परीक्षण गरिएको छ। | २५०००० |
| १४ | २०७६।७७ | ६४ | उक्त बेरुजु सम्बन्धमागो.भा.न.२६३।०७८।०३।३१ को भौचरबाट पेश्की फर्छौट रू. १,००,०००।०० गरेको प्रमाणपेश गरेको आधारमा संम्परीक्षण गरिएको छ। | १००००० |
| १५ | २०७६।७७ | ६४ | उक्त बेरुजु सम्बन्धमागो.भा.न.८१३।०७८।०३।३१ को भौचरबाट पेश्की फर्छौट रू. ५०,०००।०० गरेको प्रमाण पेशगरेको आधारमा संम्परीक्षण गरिएको छ । | ५०००० |
| १६ | २०७५।७६ | ५५ र ९२.३७ | उक्त बेरुजु सम्बन्धमामिति २०८२।३।४ को नगदप्राप्ती रसिद नं १७३१ बाट नगद दाखिलाको प्रमाण पेश गरेकोआधारमा खेमराज निरौलाकोको नाममा रहेको बेरुजू संम्परीक्षण गरिएको छ । | १५,५१६ |
| | | | जम्मा | ४७७५८८१ |

# खाँदवारी नगरपालिका, संखुवासभा

# ( ८०१०४४०१३०० )

# खाँदबारी नगरपालिका , संखुवासभा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल १२२.७८ वर्ग किलोमिटर तथा ३५ हजार ६ सय ३८ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१३ देखि २०८२।६।२ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आयतर्फ रू. ९१,२७,००,०५०.५६ तथा व्ययतर्फ रू. ९०,०१,५२,२०६.१४ गरि जम्मा रू. १,८१,२८,५२,२५६.७० को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा बिभिन्न कर्मचारीहरुबाट रु. ८७,००८ असुल भई दाखिला भएको प्रमाण पेश भएको छ । असुलीको नाम नामेसी अनुसूचीमा संलग्न छ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन तथा अख्तियारी**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिम आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने, दफा ७६(२) मा महालेखा परीक्षकवाट स्वीकृत भए वमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षीक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

**आर्थिक कारोबारको एकीकृत विवरण**

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ३४०२२९८७.०२ | १ | चालु खर्च | | **४७१५७८६३९.७४** |
| | ग.४.१ संचित कोष | ११६७९०६६.१७ | | २ | पूँजीगत खर्च | | **१७२९६९००५** |
| | ग.३.१ धरौटी खाता | १०४७०१३६.९८ | | ३ | **विभिन्न कोषतर्फको खर्च** | | **७२६९७३९७.९०** |
| | ग.२.७ विविध खर्च खाता | १६७११६६.५० | | | ग.२.७ विविध खर्च खाता/कोष | ६०१७४५३२ | |
| | ग.५.१ विविध कोष खाता | ९७९२०५५.३७ | | | ग.५.१ विविध कोष खाता | ५८३१८५२ | |
| | ग.७.१ आकस्मिक कोष | ४१०५६२ | | | ग.७.१ आकस्मिक कोष | ८०३००० | |
| २ | **आन्तरिक आय** | | **२६९११९०८.९४** | | ग.७.२ विपद व्यवस्थापन कोष | ७२३६९६ | |
| ३ | **राजस्व बाँडफाँड** | | **१२६४००६०९** | | ग.३.१ धरौटी फिर्ता | ५१६४३१७ | |
| | क) संघीय राजस्व बाँडफाँड | ९५२६७६१८.६२ | | ४ | **अनुदान फिर्ता** | | **३६४०८३४०.०५** |
| | ख) प्रदेश राजस्व बाँडफाँड | १०६१२३४०.५७ | | | क) संघीय सरकार तर्फ फिर्ता | २८७८३५७१.५० | |
| | ग) स्थानीय राजश्व बाँडफाँड | २०५२०६४९.८१ | | | ख) प्रदेश सरकार तर्फ फिर्ता | ७६२४७६९ | |
| ४ | **वित्तिय हस्तान्तरण संघ** | | **४९००६०४२४** | ५ | **मौज्दात** | | **४६५७०८३१.३२** |
| | क) वित्तिय समानीकरण अनुदान | १४९८४४०८० | | | ग.४.१ सञ्चित कोष खाता | १३४८४९२६.६७ | |
| | ख) सशर्त अनुदान | ३२६५५६००० | | | ग.३.१ धरौटी खाता | १४१८४६७३.४८ | |
| | ग) समपूरक अनुदान | १३६६०३४४ | | | ग.७.२ प्रकोप व्यावस्थापन कोष | १२७६३०३.१ | |
| ५ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **३९३८९७०४** | | ग.७.१ आकस्मिक कोष खाता | ६०७५६२ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) वित्तिय समानीकरण अनुदान | १०६१४००० | | | ग.२.७ विविध खर्च खाता | ७३४८७६२.५० | |
| | ख) सशर्त अनुदान | २२१६६००० | | | ग.५,१ बिबिध कोष खाता | ९६६८६०३.३७ | |
| | ग) समपुरक | ६६०९७०४ | | ६ | **अन्तर स्थानीय तहबाट प्राप्तखर्च** | | **१४६४९८८२३** |
| ६ | **अन्तर सरकारबाट प्राप्त** | | **१४६४९८८२३** | | (क) सामाजिक सुरक्षा | १३६०६८८२३ | |
| | क) सामाजिक सुरक्षा | १३६०६८८२३ | | | (ख) बस्ति विकास कार्यक्रम | ८८००००० | |
| | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १६३०००० | | | (ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १६३०००० | |
| | ग) वस्ती विकास कार्यक्रम | ८८००००० | | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | | **८३४३९३८१.५०** | | | | |
| | ग.२.७ विविध खर्च खाता/कोष | ६५८५२१२८ | | | | | |
| | ग.५,१ बिबिध कोष खाता | ५७०८४०० | | | | | |
| | ग.२.७ प्रकोप व्यवस्थापन कोष | २०००००० | | | | | |
| | ग.७.१ आकस्मिक कोष | १०००००० | | | | | |
| | ग.३.१ धरौटी खाता | ८८७८८५३.५० | | | | | |
| | जम्मा | | **९४६७२३०३७.४६** | | **जम्मा** | | **९४६७२३०३७.४६** |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **कारोबारको वित्तीय विवरण -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्न शिर्षकहरु सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

| सि.न. | शिर्षक | बजेट | खर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा | १३६०६८८२३ | १३६०६८८२३ |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १६३०००० | १६३०००० |
| ३ | वस्ती विकास कार्यक्रम | ८८००००० | ८८००००० |
| | **जम्मा** | **१४६४९८८२३** | **१४६४९८८२३** |

२.३ **बजेट, कार्यक्रम र योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१।३।१० मा रु. ७४ करोड ५७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । उल्लिखित कानून बमोजिम निर्धारित समयमै अख्तियारी दिइ आर्थिक वर्ष भित्र सम्पन्न गरि सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

## ३ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

## ४ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १५८१२००० | १२५४०६२९ | १.९५ |
| २ | सामाजिक क्षेत्र | ३८७६४२३८६ | ३३३२१४०२२ | ५१.६९ |
| ३ | पूर्वाधार विकास क्षेत्र | १४२०९१३८० | १२६१७०३८९ | १९.५७ |
| ४ | वित्तीय व्यवस्थापन र सुशासन | २५०१६२५२ | १६७१४७७१ | २.५९ |
| ५ | कार्यसञ्चालन तथा प्रशासनिक खर्च | १७५०५७८७९ | १५५९०७८३३ | २४.१८८ |
| **जम्मा** | | ७४५६१९८९७ | ६४४५४७६४४ | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबै भन्दा बढी ५१.६९ प्रतिशत र आर्थिक बिकास क्षेत्रमा सवै भन्दा कम १.९५ प्रतिशत मात्र खर्च भएको छ ।

## ५ खर्चको स्थिति

५.१

**खर्च बिश्लेषण** - पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रू. २,६९,११,१०८.९४ राजस्व बाँडफाँड र अनुदानबाट रू. ६५,५८,५०,७३७ समेत रू. ६८,२७,६१,८४५.९४ आम्दानी भएकोमा चालु तर्फ रू. ४७,१५,७८,६३९.७४ र पूँजिगत तर्फ रू. १७,२९,६९,००५ समेत रू. ६४,४५,४७,६४४.७४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.१८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.१,२८,७५,७०० खर्च भएको छ जुन आन्तरिक आयको ४७.८६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७३.१७ प्रतिशत चालु र २७.८३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

५.२ **त्रैमासिक खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट शिर्षक उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | चौथो | आषाढ महिना |
| पूँजीगत खर्च | १७२९६९००५ | ५४५६६५९ | ४२६९७२५० | १८०३६९७१ | १०६७७८१२५ | ६४९९५९२७ |
| खर्च प्रतिशत | १०० | ३.16 | २४.६9 | १०.४३ | ६१.७३ | ३७.५८ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु. १७,२९,६९,००५ खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ५४,५६,६५९ (३.१६प्रतिशत), दोस्रो त्रैमासिकमा रु.४,२६,९७,२५० (२४.६९ प्रतिशत) तेस्रो त्रैमासिकमा रु. १,८०,३६,९७१ (१०.४३ प्रतिशत) खर्च र चौथो त्रैमासिकमा रु. १०,६७,७८,१२५ (६१.७३ प्रतिशत) तथा आषाढमा महिनामा रु. ६,४९,९५,९२७(३७.५८ प्रतिशत) खर्च देखिनुले चौथो त्रैमासिक र आषाढ महिनामा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## ६ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नाअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल ३२० योजनामा वजेट विनियोजन गरेको छ । उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावीनहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३१२ योजनामात्र कार्यान्वयन भई ८ वटा योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

| क्र.स. | कार्यक्रमको नाम | योजना संख्या | रू.२० लाख माथिका योजना संख्या | रू. ५ लाख देखि २० लाख सम्मका योजना संख्या | रू. ५ लाख भन्दाका कमका योजना संख्या |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरीय | ६५ | ३ | १६ | ४६ |
| २ | वडा स्तरीय | २४७ | ० | २ | २४५ |
| जम्मा | | ३१२ | ३ | १८ | २९१ |

७ **एकमुष्ट बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा एकमुष्ट बजेट नराखी आय–व्ययको अनुमान पेसगर्नुपर्ने व्यवस्था छ ।यस पालिकाले यो वर्ष रु.८१,००,००० एकमुष्ट बजेट व्यवस्था गरी विभिन्न योजनामा खर्च गरेको छ । एकमुष्ट बजेट राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । एकमुष्ट बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :-

| क्र.सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १. | उपमेयर विविध कार्यक्रम | १५,००,००० |
| २. | उपमेयर विविध कार्यक्रम | ५,००,००० |
| ३. | उपमेयर विविध कार्यक्रम | १०,००,००० |
| ४. | मेयर विविध कार्यक्रम | २५,००,००० |
| ५. | मेयर विविध कार्यक्रम | १०,००,००० |
| ६. | मेयर विविध कार्यक्रम | १०,००,००० |
| ७. | सेवा र परामर्श | १,००,००० |
| ८. | सेवा र परामर्श | ५,००,००० |
| जम्मा | | ८१,००,००० |

८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्यस्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

९ **वार्षिक खरिद योजना/गुरूयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१७,२९,६९,००५ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको

छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरु योजना नबनाई खरिद कार्य गरेको पाईयो। अतःपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१० **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४१ र यो वर्ष ४८ मुद्दा तथा विवाद दर्ता भएकोमा ४० वटा फर्स्यौट भई ८ बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

११ **कानून निर्माण र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ८ वटा नियमावली, ८ कार्यविधि, ४८ निर्देशिका समेत गरि ८० वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनुपर्दछ । पालिकाले आवश्यक कानुनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वियनमा ल्याउनुपर्दछ।

१२ **संगठन र जनशक्ति व्यवस्थापन**

१२.१ **जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछिमात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १३० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत तथा कर्मचारीहरु १९ पदहरु रिक्त रहेको बिबरण पेश भएको छ।

१२.२ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २६ कर्मचारीको रू.१,५९,६०,७११ र पालिकाका ३३ कर्मचारीको रु.१,८७,०३,८२८ समेत रु. ३,४६,६४,५३९ खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१२.३ **कर्मचारी तह मिलान -** नेपालको संविधान २०७२ को धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था गरी दफा ८६(२) मा उपदफा (१) को अधिनमा रही स्थानीय स्वाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीयतहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ ।त्यसैगरी सघ प्रदेश र स्थानीय तह(समन्वय तथा अन्तर सम्वन्ध) ऐन २०७७ को दफा ४(२) मा प्रदेशले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून बनाउदा संघिय कानूनसँग

बाझिन नहुने गरि बनाउनुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय सरकारी सेवा (गठन तथा संचालन ऐन,२०८० को आधारमा विभिन्न २ जना कर्मचारीको तह बृद्धि गरेको छ।तर संघिय कानून हाल सम्म निर्माण भई लागु भएको छैन।

१२.४ **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षक बाट रु. ४८,२७४ प्रोत्साहन भत्तामा खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

१२.५ **कर्मचारी करार** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको अधिकार क्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी विवरण तयार नगरि जम्मा ९० जना कर्मचारी करारमा राखि रु. ३,५४,४८,०४६ तलव भत्तामा खर्च लेखेको छ। त्यसैगरी सोही ऐनको दफा ८३ (८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैँचेल गायतका पदमा मात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले उल्लेखित पदवाहेकको इन्जिनियर १, सब ईन्जिनियर ३, अमिन १, असिस्टेन्ट सव इन्जिनियर ३, सहायक पाँचौ २, कम्प्युटर अपरेटर २ र सहायक कम्प्युटर अपरेटर १२ गरी जम्मा २४ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ९६,६९,०२३ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | ९६,६९,०२३ |

१२.६ **बिपद व्यवस्थापन कोष** - नगरपालिका विपद् व्यवस्थापन कोष संचालन कार्यविधि,२०७५ को बुदाँ नं. ४ मा कोषबाट खर्च गर्नको लागि विपद् जोखिम व्यवस्थापन समितिले निर्धारिण गरे पश्चात खर्च गर्नुपर्ने यसरि खर्च गर्दा कार्यबिधिको बुदाँ नं. ४ मा उल्लेखित विपदबाट पिडित तथा प्रभावित ब्यक्ति,समुदायको लागि उद्धार,अस्थायि आवास,भरण पोषण,देहावसान भएका ब्यक्तिको काजकिरया एवम आर्थिक सहायता लगायतमा खर्च गर्न सकिने तथा कार्यबिधिको बुदाँ नं. ५ मा कुनै कर्मचारीलाई पारिश्रमिक वा सुबिधा नियमित रुपमा,भ्रमण खर्च वा त्यस्तै प्रकारको खर्च,कसैलाई चन्दा पुरस्कार प्रदान गर्न र प्रकोपसँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता प्रदान गर्न नसकिने प्रावधान राखेको पाइयो । यस कोषमा गत बर्षको मौज्दात नभएको यस बर्ष रु. २०,००,००० रकम ट्रान्सफर गरि रु. ७,२३,६९९.९० खर्च गरि रु. १२,९६,३०३.१ मौज्दात बाँकी रहेको छ । यस कोष बाट राम्चेखोल्सा मुहान भइ सातमुरे खोल्सीसम्म मुहान मर्मत कार्यको लागि रु.५०,००० टोल विकास संस्थाको भवन निर्माण कार्यको लागि रु. १,००,०००, ढल व्यवस्थापन कार्यको लागि रु. १,९९,८१४ नालि मर्मत योजनाको लागि रु. १,४९,२०९ जस्ता कार्यमा भूक्तानी गरेको पाईयो । कोषबाट विपद्सँग असम्बन्धित निर्माणको काम, अनुगमनको खाजा खर्च, खरिद,पाइप खरिद जस्ता शिर्षकमा खर्च गरेकोले खर्च विपद्सँग सम्बन्धित भएको पुष्टि नहुने हुदाँ यस प्रकारको खर्चमा नियन्त्रण हुनु पर्दछ।

१३ **करारका कर्मचारीको वीमा**

नगरपालिका चालु – निजामती सेवा ऐन, २०४९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को स्थायी कर्मचारीहरुलाई बिमा गर्ने सम्बन्धी व्यबस्था गरेको छ । तर करारका कर्मचारीहरुको जीवन बिमा गरे वापत राज्यकोषबाट खर्च लेख्ने सक्ने गरी प्रावधान भएको देखिदैन । पालिकाले गो.भौ.न. ७२१।२०८२।१।३० बाट यस बर्ष करार कर्मचारीहरू ह.स.चा. उपेन्द्र तामाङ्गको रू. ७३,०८२ र ह.स.चा. रमेश शंकरको रू. ७०,५८५ समेत गरी जम्मा रू. १,४३,६६७ जीवन वीमा प्रिमियम वापत रकम भुक्तानी गरेको देखिन्छ । नेपाल लाइफ इन्स्योरेन्स कम्पनीलाई भुक्तानी भएको यस्तो रकम नियम सम्मत देखिएन।

| | |
|---|---|
| अनियमित भएको | १,४३,६६७ |

१४ **इन्धन खर्च**

सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरू.पता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष इन्धन इन्धन (पदाधिकारी) ५,८०,४४२.०० इन्धन (कार्यालय प्रयोजन) रू. ५०,९३,५९४.७८ गरि जम्मा रू. ५६,७४,०३६ खर्च गरेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालयमा, जीप १ लोडर १ मोटरसाइकल ५४ रहेको बिबरण प्राप्त भएको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रूपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन । साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राखि इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ।

१५ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) मा गाउँपालिका तथा नगरपालिले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने र उपदफा २ मा ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था छ । साथै कोशी प्रदेशको सार्वजनिक खर्चको मितव्ययीता निर्देशिका २०७९ को बुँदा नं. १५(८) अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति बिना कुनै आर्थिक सहायता, राहत, क्षतिपूर्ति वा अनुदान वितरण गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष आर्थिक सहायतामा रू. १५,८२,८२३ मा खर्च गरेको छ । यस्ता खर्चमा मितव्ययिता अपनाउनु पर्दछ ।

१६ **आकस्मिक कोष**

यस बर्ष आकस्मिक कार्यको लागि रु. १५,८२,८२३ खर्च भएकोमा समानिकरण अनुदानबाट रु. १०,००,००० आकस्मिक कोषमा ट्रान्सफर गरेको छ । यस कोषमा गत बर्षको मौज्दात रु. ४,१०,५६२ यस बर्ष रु. १०,००,००० रकम गरि जम्मा रु. १४,१०,५६२ आम्दानी भई रु. ८,०३,००० खर्च भई रु. ६,०७,५६२ मौज्दात रहेको पाइयो।

१७ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु. ३०,००,००० ट्रान्सफर गरेको छ । यस बर्ष सामाजिक विकास अधिकृत (अधिकृत सातौं) श्री खेमराज निरौला अनिवार्य रुपमा अवकाश हुदाँ उपदान तथा औषधि उपचार वापत रु. ३०,२५,३७४ खर्च लेखेको पाइयो ।यस सम्बन्धमा कानूनको व्यवस्था गरेरमात्र यस्तो कोषमा रकम ट्रान्सफर गर्नुपर्दछ ।

१८ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड,२०७८ को दफा १२ अनुसार विदेशी अतिथी तथा पाहुनाहरू.को लागि बाहेक सरकारी खर्चबाट भोज भतेर गर्न नपाइने उल्लेख छ । पालिकाले कुनै उपस्थिति तथा आधार प्रमाण बेगर सभा सञ्चालन तथा विभिन्न समयमा भएको बैठक र अतिथि सत्कारमा सादा तथा मासु खाना, चिया, नास्ता, जुस, पानी आदीको भुक्तानीका लागि रू. ५९,४५,९०६ खर्च गरेको पाईयो । आन्तरिक आय रु. २,६९,११,१०८.७५ तुलनामा यस्तो खर्च १८.७५ प्रतिशत हुन्छ । यस्ता खर्चहरुमा मितव्ययीता अपनाउनु पर्दछ ।

१९ **मसलन्द खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ र नियमावली २०६४ को नियम (७), (८) र १६ अनुसार गठन गरी रू..१० लाख भन्दा माथि खरिद गर्न पर्ने भएमा वार्षिक खरिद योजना र रू..१० करोड भन्दा बढी खरिद गर्नु पर्ने भए खरिदको गुरू. योजना स्वीकृत गराउनु पर्ने र खरिदको गुरू. योजना प्रत्येक आर्थिक वर्षमा अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय

सामग्रीमा रू. ७६ लाख २४ हजारको खरिद गरेको छ । पालिकामा खरिद इकाई गठन नभएको तथा खरिद योजना तयार नगरी पटक पटक टुक्रा पारी खरिद गरेको पाइयो । आगामी वर्षमा नियमको पालना गरी खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

२० **विपद व्यवस्थापन कोष**

विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ। पालिकामा विपद व्यवस्थापन कार्यमा रु. २६,६२,९१३ खर्च गरेकोमा उक्त कोषमा रु.२०,००,००० ट्रन्सफर गरि रु. ७,२३,६९६.९० खर्च भई रु. १२,७६,३०३.१० बाकी रहेको देखीयो । साथै रु. ८,६२,९१३ रकम कोषमा ट्रन्सफर नगरी पालिकाले विपद सम्बन्धि कार्यमा खर्च गरेको छ। विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नु पर्दछ।

२१ **सवारी साधन मर्मत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्न त्यस्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनुपर्ने तथा नियम ९६ मा मालसामान मर्मत गर्न नयां सामान खरिद गरेकोमा पुराना पाटपुर्जा उपकरणको प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मत शीर्षकमा रू.२७,८४,१९४ खर्च गरेकोमा मर्मत संभार गर्दा सम्बन्धित प्राविधिकबाट मर्मतको लागत अनुमान नबनाई अधिकांश सवारी साधनको मर्मत गर्ने गरेको पाइयो । यसरी मर्मत कार्य गर्दा वास्तविक मर्मत कार्य गर्नुपर्ने यकिन नहुने हुँदा सवारी साधन मर्मत गर्दा नियमको पालना गरी सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गरी मितव्ययी तरिकाले गर्नुपर्दछ।

२२ **यन्त्र उपकरण सञ्चालन**

पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

२३ **भ्रमण खर्च**

प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा भ्रमण गरेको उल्लेख गरी कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी भएको छ ।यस सम्बन्धमा अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित नभएको, नियमानुसार भ्रमण अभिलेख खाता नरहेको, भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको, पालिका वा कार्यालयसँग असम्बन्धित भ्रमण खर्चमा जम्मा रू. ३४,०५,६०० भूक्तानी भएको छ । कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरूपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

२४ **नाफामूलक संस्था लक्षित कार्यक्रम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **६०,४५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२५ **विल भर्पाइ भन्दा बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रू **१०,५२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

२६ **आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरी तयार गर्नुपर्ने व्यबस्था रहेको छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथी विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा परीक्षण गर्दा नगरपालिकाले एक आर्थिक बर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची ११ बमोजिमको ढाँचामा बार्षिक प्रतिवेदन तयार नगरेको, अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार नगरेको, दीगो बिकास लक्ष्य पुरा गर्न वातावरण सँरक्षण लगायत आन्तरिकीकरणको लागि एकिकृत दीर्घकालिन योजना तयार नगरेको, पालिका स्तरको सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको, नगरपालिकाले विगतमा परामर्शदाताबाट बिस्तृत परियोजना प्रतिवेदन तयार गरकोमा सोको कार्यान्वयन र अध्यावधिक अभिलेख नराखेको, पालिकाले आफ्नो क्षेत्रभित्रका बिद्यालयको अनुगमन गर्न अनुगमन मापदण्ड तयार नगरेको, बिद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यबस्था नरहेको, उदेश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको, म.ले.प फाराम ८०१ देखि ८०५ सम्मका लेखा परीक्षण तथा बेरुजु व्यबस्थापन सम्बन्धी फारामहरु अभिलेख नराखेको, लगायतका व्यहोरा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यबस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

२७ **सम्पत्ति व्यवस्थापनतर्फ**

२७.१ **जिन्सी निरीक्षण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सीको जिन्सी निरीक्षण गरि प्रतिवेदन पेश भएको छ । उक्त प्रतिवेदनमा सवै जिन्सी सामानहरु PAMS मा अभिलेख नभएको, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा रहेका खर्च नहुने सामानहरु खप्ने जिन्सी खातामा अभिलेख नभएको, कतिपय सानहरु बरबुझारथ कार्य नभएको, पजेरो १,स्कारपियो १, मोटरसाइकल १, साधारण काठका कुर्सीहरु ७५ थान मर्मतसंभार गर्नु पर्ने प्रिन्टर १५ थान तथा डेक्सटप कम्प्युटर २५, ल्यापटप १५ दमकल १ सोफासेट ९ थान मर्मत संभार गर्नु पर्ने उल्लेख छ । उल्लेखित सुझावहरुलाई कार्यान्वयन गर्नुपर्दछ ।

२७.२ **खप्ने सामानको जिन्सी मौज्दात** - आर्थिक कार्यविधि तथा उत्तरदायीत्व नियमावली २०७७ को नियम १०० अनुसार जिन्सी मालसामानको परीमाण र मूल्य खुलाई जिन्सी मालसामानको स्रेस्ता महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । खर्च भएर जाने र खर्च भएर नजाने छुट्टाछुट्टै मालसामानको प्रकृति अनुसार दाखिला गर्नुपर्छ । पालिकाको जिन्सी मौज्दात परिक्षण गर्दा रु. १,८५,६६९.०१ को ६ थान मोबाइल थान ६ मध्य २ थान खर्च लेखेको र ४ थान खर्च हुने खातामा मौज्दात रहेको पाईयो । उक्त सामान PAMS को खर्च नहुने खातामा आम्दानी बाधेको म.ले.प.फा.नं. ४०८ पेश हुनुपर्दछ।

| प्रमाण पेश नगरेको | १,८५,६६९ |
|---|---|

२७.३ **सामानको मौज्दात** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने तथा उचित मौज्दातको व्यवस्था गर्नु पर्ने समेत उल्लेख छ । पालिकाले जिन्सी सामानको मौज्दात परिक्षण गर्दा देहायका सामानहरु अधिक संख्यामा मौज्दात रहेको पाईयो । उचित मौज्दात रहने गरि सामान खरिद हुनु पर्दछ । यस सम्बन्धि केहि उदाहरणहरुः-

| सि.नं. | सामानको नाम | परिणाम | रकम |
|---|---|---|---|
| १ | डब्बल पर्दा मध्यम साइजको स्टिल डंडीमा ब्राइकेट सहितको फिटिङ समेत | १२५ थान | ४२९३७१ |
| २ | कार्पेट | १२५ सेट | ५६७७१२ |
| ३ | स्पाइरल नोट बुक | २२२२ थान | ३६९०९६ |

२७.४ **जिन्सी सामानको मूल्य निर्धारण** - आर्थिक कार्यविधि तथा उत्तरदायीत्व नियमावली २०७७ को नियम १०० अनुसार जिन्सी मालसामानको परीमाण र मूल्य खुलाई जिन्सी मालसामानको स्रेस्ता महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । खर्च भएर जाने र खर्च भएर नजाने छुट्टाछुट्टै मालसामानको प्रकृति अनुसार दाखिला गर्नुपर्छ । कानुन अनुसार मूल्य निर्धारण समिति गठन गरेर मूल्य निर्धारण गर्नुपर्नेमा पूर्ण रुपमा रु.१ मूल्य निर्धारण गरी इन्ट्री गरेको देखिन्छ । जिन्सी किताबमा मूल्य रु.१ राखी इन्ट्री गरेका सम्पूर्ण मालसामानको वास्तविक मूल्य निर्धारण गरी खर्च भएर नजाने जिन्सी खातामा अद्यावधिक गर्नु पर्ने भनि गत विगतको लेखापरीक्षणमा समेत औल्याएकोमा उक्त व्यहोरामा सुधार भएको पाईएन ।

२७.५ **जिन्सी दाखिला**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट प्राप्त भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

२७.६ **सार्वजनिक सम्पत्तिको संरक्षण** - स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९७ मा नगरपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी,सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख,मर्मत सम्भार र संरक्षण गर्नुपर्ने ब्यवस्था छ । तर पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्म संभार एवम संरक्षण गरेको अभिलेख राखेको पाइएन । अत: पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको रेखदेख मर्मत संभार एवम संरक्षणका लागि समेत अभिलेख ब्यबस्थित गरि राख्नुपर्ने देखिन्छ ।

## २८ सेवा प्रवाह

कार्यालयको मूख्य उदेश्य हासिल गर्न सेवाग्रहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो ।पालिकाले यस बर्ष आर्थिक, सामाजिक र पुर्वाधार विकासका अतिरिक्त नियमित सेवातर्फ निम्न सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरी र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं. | विवरण | सिफारिस संख्या (सेवा प्राप्ती) | सिफारिस संख्या (सेवा प्राप्ती) |
|---|---|---|---|
| १ | नागरिकता सिफारिस प्रतिलिपि सहित | १७९० | १७९० |
| २ | घरबाटो | १३१३ | १३१३ |
| ३ | नाता प्रमाणित सिफारिस | ७३४ | ७३४ |
| ४ | जन्म र मृत्यु दर्ता | १३४९ | १३४९ |
| ५ | अन्य | ५३८० | ५३८० |
| जम्मा | | १०५६६ | १०५६६ |

२९ **भुक्तानी दायित्व**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुबर्षीय खरिद र बिशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी बर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ । साथै नियमावली, २०७७ को नियम ३९ को उपनियम २ मा कार्यालयले चालु आर्थिक बर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्नु हुदैन भनी उल्लेख गरेको छ । पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश नगरी पूँजिगत तथा चालु प्रकृतिका शिर्षकमा रु. १,८२,५१,३०८ भुक्तानी दिएको छ । पालिकाले गतबर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित तथा यस बर्षको बजेटमा समेत गत बर्षको भुक्तानी दिन बाँकीको व्यबस्था नगरी भुक्तानी दिएको छ । साथै आर्थिक बर्ष २०८२।०८३ मा भूक्तानी हुने गरि यस बर्ष रु. ७५,३०,३०३ बाँकी रहेको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा २९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३० **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरू.प भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले अनलाइनबाट दर्ता चलानी अभिलेख प्रणाली वापत होभर टेक्नोलोजी प्रा.लि.रकम भुक्तानी रु. ४,७३,४४० अन्य सफ्टवेयर खरिद रिन्यू गरि जम्मा रू. ८,२४,४४८ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

३१ **मर्मत संभार कोष**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था छ । विभिन्न योजना सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ।

३२ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र ४१ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

३३ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

## ३४ फरक खर्च शिर्षक

स्थानीय सरकार संचालन ऐन, २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने र दफा ७३(७)मा कार्यपालिकाले सभावाट स्विकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । पालिकोले निम्नानुसार फरक खर्च शिर्षकवाट खर्च लेखेको रकम नियमसम्मत देखिएन।

| भौचर नं र मिति | विवरण | खर्च लेख्नुपर्ने शिर्षक | खर्च लेखेको शिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १७१/०८१।७।११ | विभिन्न होटल तथा खाद्यान्न पसलका विल राखी भुक्तानी भएको | आकस्मिक कोष | विविध खर्च | ३१००७३ | खाँदबारी सुपरमार्केट रू.३५९००, पूजाआजा खर्च२८७३५, युजन खाजा घर रू.२१२,०१०, होटल उत्सव रू.३३,४४८ |
| १८०/०८१।७।११ | विभिन्न भ्रमण विल तथा होटल विल पेश भएको | आकस्मिक कोष | विविध तथा भ्रमण खर्च | १३८७५० | ग्राण्ड होटल एण्ड चमेना गृह र सिलिचोङ्ग अल्लो तथा सुति कपडा उद्योगका विभिन्न विलहरू. लगायत अन्य विविध खर्चका विलहरू. |
| ३१५/०८१।९।१५ | अन्तर पालिका महिला खुला भलिवल प्रतियोगिता संचालन समिति खाँदबारी ५ लाई सहयोग | साँस्कृतिक कार्यक्रम, विपद व्यवस्थापन कोष | खेलकुद कार्यक्रम | १९००००<br>१००००० | कार्यक्रम कार्ययोजना पेश नभएको र एकमुष्ट रकम हस्तान्तरण भएको |
| ६४६/२०८२।१।४ | योजना तर्जुमा तथा स्थानीय राजश्व सम्बन्धी क्षमता विकास तालिम आवासीय | पारिश्रमिक कर्मचारी | परामर्श सेवा | ४९५३९२ | प्रशिक्षक हायर गरी पालिकाकै सभाहलमा संचलन गर्न सकिने कार्यक्रमलाई पनि परामर्शदाता मार्फत यसरी कार्यक्रम गर्दा पालिकालाई थप ब्ययभार परेको |
| ९०३/२०८२।३।५ | नेपाल नागरिक उड्डयन प्राधिकरण, तुम्लिङ्गटारमा कोठा भाडा बापत | वीमा तथा नवीकरण | घर भाडा | ४९०३० | प्रयोजन नखुलेको |
| जम्मा | | | | १२८३२४५ | |

| | |
|---|---|
| अनियमित भएको | १२,८३,२४५ |

## ३५ खर्चलाई पुष्ट्रि गर्ने प्रमाण

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा परीक्षण गर्दा पलिकाले बिभिन्न समयमा निम्नानुसारका सामाग्रीहरू खरिद गरी खर्च लेखेको देखिन्छ । उक्त सामाग्री खरिद गर्दा अपनाउने प्रकृया माग फारम, खरिद आदेश बेगर खरिद गरेको तथा जिन्सी किताब (पाम्स) मा समेत आम्दानी बाँधेको पाइएन।खरिद गरेको बिल मात्र राखी सो सामाग्रि खरिदको उदेश्य, प्रयोजन नखुलेको तथा खर्च पुष्ट्रि हुने प्रमाण संलग्न गरेको पाइएन।खरिद प्रकृया पारदर्शि तथा जिन्सी सामाग्रीको अभिलेख नहुदा सार्वजनिक कोषको दुरूपयोग हुन जान्छ । तर्सथ उक्त खर्च पुष्टी हुने प्रमाण सहितको जिन्सी अभिलेख राखेको प्रमाण पेश गर्नुपर्दछ ।

| सि नं | गो भौ नं | खर्च शीर्षक | सामाग्रीको विवरण | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ११०९३/२०८२।३।२० | मेयर विविध कार्यक्रम | कार्पेट ४० मि. रू. १२०० का दरले, पर्दा १० मि रू. १५०० का दरले तथा डोरम्याट ५ थान रू. ३०० का दरले | गोकुल खनाल | ७४,५८० | करार कर्मचारीलाई भुक्तानी भएको |
| २ | १२४६/२०८२।३।३२ | आकस्मिक सहयोग कार्यक्रम | सवारी साधन रिजर्भको टिकट मात्र पेश भएको तर सवारी भाडा सम्बन्धि संझौता नभएको एवं खर्च पुष्टी हुने प्रयोजन नखुलेको | भरत कुमार घिमिरे | ५०,००० | पदाधिकारीको पेश्की फर्स्यौट ( वडा नं ३) |
| ३ | ११०३/२०८२।३।२१ | संचार महसुल | विभिन्न मोवाइल रिचार्जको विल पेश भएको तर कसको र के प्रयोजनको लागि भनि स्पष्ट नखुलाएको तथा कार्यविधि पनि पेश नभएको | सिद्धकाली फर्निचर सप्लायर्स, खाँदबारी | १३,००० | |
| ४ | ७२७/२०८२।२।१ | मेयर विविध कार्यक्रम | विभिन्न होटल विल तथा पसलका विल भरपाइ राखी भुक्तानी भएको। विभिन्न कार्यक्रमको अनुगमन भनिएकोमा त्यस्तो अनुगमन पुष्टी गर्ने प्रमाण कागजात पेश नभएको । | गोकुल खनाल | २००,००० | सिद्धकाली फर्निचर एण्ड सप्लायर्सबाट खरिद गरिएको कार्पेट, गमला तथा डोरम्याट गरी रू. २६,८३७ को सामाग्रीको स्टोर दाखिला समेत नभएको |
| जम्मा | | | | | ३,३७,५८० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३७,५८० |

३६ **अध्ययन अवलोकन भ्रमण**

यस बर्ष विभिन्न समिति, उप-समिति तथा वडा समितिका पदाधिकारी एवं कर्मचारीको अध्ययन अवलोकन भ्रमण शीर्षकमा रू. १३,१७,८४४ खर्च लेखेको छ । खाँदबारी नगरपालिकाको तालिम, गोष्ठी, सेमिनार, अन्तरक्रिया, कार्यशाला तथा अध्ययन अवलोकन भ्रमण संचालन मापदण्ड र खर्च सम्बन्धी निर्देशिका २०७६ को दफा १५ मा उल्लेख भए बमोजिम अध्ययन अवलोकन भ्रमण तथा आवासीय तालिमको खर्च सम्बन्धमा सवारी साधन खर्च प्रचलित बजार भाडा दर अनुसार हुने, खाना प्रति व्यक्ती प्रति छाक रू. ५००, खाजा प्रति व्यक्ती रू. २००, आवास प्रति व्यक्ति रू. १०००, संयोजक भत्ता प्रति दिन रू. १५००, सहयोगी भत्ता प्रति दिन रू. ५००, मसलन्द, स्टेशनरी खर्च प्रति व्यक्ती रू. ३००, अन्य विविध खर्च प्रति कार्यक्रम रू. ५००० रहेको उल्लेख । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः-

३६.१ **न्यायिक समितिको भ्रमण खर्च** - (भौ नं ७२५/२०८१।१।३१ पालिका चालू) - न्यायिक समिति तथा मेलमिलाप अन्तरपालिका अध्ययन अवलोकन शीर्षकमा पालिकाले यस बर्ष रू. ३००००० खर्च लेखेको छ ।पदाधिकारी तथा कर्मचारी सहित ९ जना सम्मिलित टोलीले मिति २०८२।१।१८ देखि २०८२।१।२२ सम्म जम्मा ५ दिन चितवन, पाल्पा, काठमाडौ लागायतका विभिन्न स्थलको भ्रमण गरेको प्रतिवेदनमा उल्लेख छ । कार्यविधि अनुसार यातायात बाहेक प्रतिव्यक्ति ५ दिनको खर्च रू. १०,३०० हुनुपर्ने देखिन्छ । पेश भएको इन्धन विल अनुसार यातायात बापत जम्मा रू. २९,२६६ खर्च भएको देखिन्छ । संयोजक भत्ता, सहयोगी भत्ता र अन्य विविध खर्च बापत रू. १७,५०० हुन आउँछ । यस प्रकार कार्यविधि अनुसार उक्त अध्ययन अवलोकन भ्रमणको कुल खर्च रू. १३९,४६६ हुनुपर्ने देखिन्छ । तर पालिकाले उक्त भ्रमण प्रयोजनार्थ सहायक कम्प्युटर अपरेटर सरोज श्रेष्ठलाई रू. ३००,००० भुक्तानी गरेको छ । यसरी कार्यविधिको सीमा भन्दा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६०,५३४ |

३६.२ **वडा नं १ अवलोकन भ्रमण**

..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रू **३९,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३६.३ **वडा नं ३ अवलोकन भ्रमण (भौ नं ११७७/२०८२।३।२३(पालिका चालू)**

..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-३** को निर्णयले रू **६,३३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३६.४ (ख) **एकिन गर्न नसिएको** - भ्रमणका क्रममा खर्च भएको विल भरपाइ परीक्षण गर्दा सवारी साधन भाडामा लिदा भाडा संझौता नगरेको हुदा इन्धन बापत हुने खर्च सम्बन्धमा स्पष्ट हुन सकिएन । बैशाख १७ देखि २१ गते सम्म चीनको सीमा क्षेत्र कोरला नाका सम्मको भ्रमण भएको भनि प्रतिवेदनमा पेश गरेको देखिन्छ । तर उक्त समयको मिति २०८२।१।१८ र २०८१।१।२० गतेको इटहरी, सुनसरीका विभिन्न होटलका खाना तथा बासका विल पेश भएकोले, उक्त खर्च सोही प्रयोजनका लागि भएको हो भनि आश्वस्तता हुन सकिएन । उक्त भ्रमणका दौरान भएको खर्चको सोही प्रयोजनको लागि भए नभएको एकिन गर्न नसिएको रकम नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

३७ **पेश्की बांकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी, निर्माण व्यबसायी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.९५,२८,९८८ बाँकी रहेको देखिन्छ । निम्नानुसारको म्याद ननाघेको पेश्की रू.१०,४६,११७ र म्याद नाघेको अल्याबाट ल्याएको रू. ५२,०७,८७१ र म्याद नाघेको फर्छौट हुनु पर्ने रु. २,७५,००० फस्र्यौट गर्न बाँकी रहेकोले नियमानुसार पेश्की फस्र्यौट हुनुपर्दछ।

| सि.नं. | पेश्की लिएको भौ नं. र मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | गत बिगतबाट अ.ल्या. | म्याद ननाघेको | म्याद नाघेको फर्छोट हुनु पर्ने |
|---|---|---|---|---|---|---|
| १ | **पदाधिकारी पेश्की** | | | | | |
| | २०८१/०४/०१ | विपद व्यवस्थापन | वडा अध्यक्षभरत कुमार घिमिरे | २५०००० | | ०० |
| २ | **कर्मचारी पेश्की** | | | | | |
| | २०८१/०४/०१ | एकल महिलाहरु विधुवाहरुलाई चाडबार्ड खर्च | कम्प्युटर अपरेटरगोकुल खनाल | १२३००० | | ०० |
| | २०८१/०४/०१ | ग बर्गका अपाङ्गता भएको व्यक्तिहरुलाई चार्डबार्ड खर्च | कम्प्युटर अपरेटरगोकुल खनाल | ३०००० | | ०० |
| | २०८१/०४/०१ | जेष्ठ नागरीक चाडबार्ड खर्च (८० बर्ष भन्दा माथि २०७९ असार मसान्त सम्म ) | कम्प्युटर अपरेटरगोकुल खनाल | ३३१००० | | ००० |
| | २०८१/०४/०१ | प्लास्टिक पोखरी निर्माण (११ वटा वडामा) | पशु चिकित्सकमेघराज पोख्रेल | २२५००० | | ०० |
| | २०८१/०४/०१ | पशु स्वास्थ्य शिविर संचालन कार्य | पशु चिकित्सकरमेश विष्ट | १०००० | | ०० |
| | २०८१/०४/०१ | विविध कार्यक्रम खर्च | हलुका सवारी चालक रमेश शंकर | ३०००० | | ०० |
| | २०८१/०४/०१ | विविध खर्च | हलुका सवारी चालकरमेश शंकर | १५२१० | | ०० |
| | ३६६/२०८१/१०/०२ | सवारी साधन मर्मत खर्च | हलुका सवारी चालक रमेश शंकर | ०० | | ५०००० |
| | ३६१/२०८१/१०/०२ | पानी तथा बिजुली | रमेश विष्ट | ०० | | १००००० |
| ३ | **ठेकेदार पेश्की** | | | | | |
| | १/२०८१/०४/०१ | ल्याण्डफिल्ड साइट व्यवस्थापन/फाहोरमैला व्यवस्थापन | सितु - धिताल जे. भि. | २९५३६६१ | | ०० |
| | १/२०८१/०४/०१ | खाँदवारी रंगशाला निर्माण,खा न पा ७ | एन.डि.इन्जिनियरिङ्गएण्ड विल्डर्स प्रा.लि. | ०० | ६२३११३ | ०० |
| | १५३/२०८२/०१/१९ | खाँदवारी रंगशाला निर्माण खा न पा ७(न पा समपुरक) | एन.डि.इन्जिनियरिङ्गएण्ड विल्डर्स प्रा.लि. | ०० | ३६०५८१ | ०० |
| | १५/२०८२/०२/२६ | खाँदवारी रंगशाला निर्माण,खा न पा ७ | एन.डि.इन्जिनियरिङ्गएण्ड विल्डर्स प्रा.लि. | ०० | ३४२७६८ | ०० |
| | २२८/२०८२/०२/२६ | खाँदवारी रंगशाला निर्माण खा न पा ७(न पा समपुरक) | एन.डि.इन्जिनियरिङ्गएण्ड विल्डर्स प्रा.लि. | ०० | ३४२७६८ | ०० |
| ४ | **संस्थागतपेश्की** | | | | | |
| | २/२०८१/०४/०१ | अरुण भ्याली रनिङ शिल्ड संचालन | अरुण उपत्यका | १८०००० | | ०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सामुदायिक विकास क्लव | | | |
| | २/२०८१/०४/०१ | विविध कार्यक्रम खर्च | जिल्ला प्रशासन कार्यालय संखुवासभा | १५०००० | | ०० |
| | २/२०८१/०४/०१ | ग्रास रुट फुटबल प्रतियोगिता संचालन/ सहभागिता सहयोग | जिल्ला फुटबल संघ | ९०००० | | ०० |
| | २/२०८१/०४/०१ | विविध कार्यक्रम खर्च | जिल्ला फुटवल संघ संखुवासभा | २०००० | | ०० |
| | २/२०८१/०४/०१ | कार्यक्रम खर्च | बृहत्तर मनकामना विश्राम समिति | ७००००० | | ०० |
| | २/२०८१/०४/०१ | पुस्तक तथा सामग्री खर्च | लोहारुङ्ग राई समाज संखुवासभा | १००००० | | ०० |
| | ४२५/२०८१/०४/०१ | आकस्मिक सहयोग कार्यक्रम | जिल्ला फुटवल संघ संखुवासभा | ०० | | २५००० |
| | ५५३/२०८१/०४/०१ | विविध खर्च | जिल्ला फुटवल संघ संखुवासभा | ०० | | ५०००० |
| | ११९७/२०८२/३/२३ | युवा,बालवालिका तथा खेलकुद कार्यक्रम | जिल्ला फुटबल संघ | ०० | | ५०००० |
| जम्मा | | | | **५२०७८७१** | **१०४६११७** | **२७५०००** |

| | |
|---|---|
| पेश्की | २,७५,००० |

३८ **बेरूजु लगत**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३९ मा जिम्मेवार व्यक्तिले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तर्नु बुझाउनुपर्ने भनी ठहर्याइएको बेरुजुको लगत कार्यालय स्तरमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम बेरुजुको लगत राखेको देखिएन । बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख अद्यावधिक नहुँदा कार्यालयको बेरुजु तथा सम्परीक्षणको तुलनात्मक अध्ययन विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम बेरुजु अभिलेख अद्यावधिक राख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

३९ **सार्वजनिक परिक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेकोमा सो बमोजिमको कार्य भएको पाइएन । तोकिएबमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

४० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ११ वडामा १२ योजना सञ्चालन गरी यस वर्ष ७० जनालाई औसत १०० दिन रोजगारी उपलव्ध गराई रु. ४६७६००० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट

गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

४१ **आन्तरिक आय तर्फ**

४१.१ **आय अनुमान**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवाशुल्क, दस्तुर वापत अनुमानित रु. ४,३५,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. २,६९,११,१०८.९४ अर्थात अनुमान भन्दा ६१.८६ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आयको अनुमानलाई यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

४१.२ **आन्तरिक आय**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ६४,४५,४७,६४४.७४ | २,६९,११,१०८.९४ | ४.१८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.१८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

४१.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । अनुमान र अशुलीको स्थिति निम्नानुसार रहेको देखिन्छः-

| सि.न. | शिर्षक | लक्ष्य | असुली रकम | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पति कर | ८०००००० | ४१४८३२८ | ५२ |
| २ | भुमिकर/मालपोत | ० | ७४ | |
| ३ | वहाल कर | ७००००० | ३९३०७४३ | ५६१ |
| ४ | वहाल विटौरी कर | १४००००० | १०१३६७१ | ७२ |
| ५ | अनय मनोरन्जन कर | ८३६००० | ३५० | ० |
| ६ | व्यवसायले भुक्तानी गर्ने | ० | ३००० | ० |
| ७ | अखेटोपहारमा लाग्ने कर | ४००००० | २९४७४५ | ७३ |
| ८ | अन्य कर | ३००००० | ३६३७० | १२ |
| ९ | अन्य विक्रिबाट प्राप्त रकम | ० | ३१५० | ० |
| १० | विद्युत सेवा शुल्क | १००००० | ४५०० | ५ |
| ११ | अन्य सेवा शुल्क तथा विक्रि | १६००००० | २०४७४८२ | १२७ |
| १२ | न्यायिक दस्तुर | ४००० | ९४०० | २३५ |
| १३ | शिक्षा क्षेत्रको आम्दानी | ४०००० | २४५०० | ६१ |
| १४ | परीक्षा शुल्क | २०००० | ५१५०० | २५७ |
| १५ | अन्य प्रशासनिक सेवा शुल्क | ० | ७३००० | ० |
| १६ | पार्किङ शुल्क | ० | २१८००० | ० |
| १७ | नक्सा पास दस्तुर | ५८००००० | ३३८९८०३ | ५८ |
| १८ | सिफारिस दस्तुर | १०००००००० | ४५४२४८१ | ४५ |
| १९ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४००००० | १२१५०० | ३० |
| २० | नाता प्रमाणित दस्तुर | १५००००० | ३२६७०० | २१ |
| २१ | अन्य दस्तुर | १७००००० | ८४१८८० | ४९ |
| २२ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ७९००००० | ३९२१५६८ | ४९ |
| २३ | जलश्रोत सम्बन्धि अन्य आय | २६००००० | ० | ० |
| २४ | अन्य राजस्व | १००००० | २४५५२४ | २४५ |
| २५ | व्यवसाय कर | ० | २९७१८ | ० |
| २६ | बेरुजु | १००००० | १६१६४६६ | १६१६ |
| २७ | नगद | ० | १६६५६ | |
| | जम्मा | ४३५००८०० | २६९११०९ | |

४१.४

**व्यवसाय कर**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर शिर्षकमा रु. २९७१८ कर सङ्कलन गरेको देखिन्छ । पालिकाको क्षेत्र भित्र रहेका व्यवसायीहरु दर्ता भएको संख्या २६१२ भएतापनि २०८१।८२ असार मसान्त सम्म १५८८ मा नविकरण गरेको उल्लेख छ । तसर्थ पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ।

४१.५ **आय ठेक्का**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य पदार्थको बिक्रि गर्नसक्ने व्यबस्था छ। पालिका क्षेत्रभित्र रहेको विभिन्न योजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको प्रयोग भएको छ । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य पदार्थमा प्रदेश तथा स्थानीय कानून बमोजिम कर लगाई आम्दानी बढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन, सङ्कलन तथा उपयोग स्थितिलाई व्यवस्थित बनाउने तर्फ ध्यान दिनुपर्दछ।

४१.६ **उठाउन बाँकी आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाबाट प्राप्त बिबरण अनुसार खाँदबारी नगरपालिकाको नगरक्षेत्र बाहिरबाट प्रवेश गर्ने साना तथा हेभी सवारी साधनहरुलाई सरसफाई शुल्क उठाउन अर्जुनकुमार न्यौपानेसंग रु. १०,००,००० मा सम्झौता भएकोमा रु. ४,००,००० दाखिला भई रु. ६,००,००० बाँकी रहेको गत विगतको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख छ । उक्त रकम लेखापरीक्षणको अवधि सम्म उठेको पाईएन । उक्त आय ठेक्का वापत प्राप्त हुनुपर्ने राजस्व असुलि नभएकोले प्रचलित कानून अनुसार ब्याज समेत गणना गरि असुल हुनुपर्दछ।

४१.७ **प्रगति बिबरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ।

## ४२ नदिजन्य पदार्थको राजस्व

नदिजन्य पदार्थको राजस्व अन्तर्गत देखिएका वेहोराहरु देहायबमोजिम छन

४२.१ **राजस्व संकलन** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ (च) र दफा ११ (६) को ब्यवस्था बमोजिम सभाखोला र अरुण नदिको १७९७३ घ.मि नदिजन्य पदार्थ उत्खनन् गर्ने प्रयोजनका लागी न्यूनतम बोलपत्र रकम रु. ४४,१९,९४९.६३ मा बढाबढ कबोल गर्ने गरि बिभिन्न ८ वटा ठेक्काको लागि मिति २०८१।५।२५ मा १५ दिन सम्म बोलपत्र पेश गर्ने गरी सुचना प्रकाशन गरेकोमा एक मात्र घाटको लागि बोलपत्र पेश भएको पाइयो । बाँकी ७ वटा घाटमा पुनः दोस्रो पटक मिति २०८१।६।१३ मा १५ दिनको म्याद दिई सूचना प्रकाशन गरेकोमा १ वटा मात्र वोलपत्र पेश भएको छ । तेस्रो पटक मिति २०८१।९।८ गते १५ दिनको म्याद दिई सूचना प्रकाशन गरेकोमा ६ वटा मध्ये ३ वटा मात्र वोलपत्र परेको छ । चौथो पटक मिति २०८१।९।२४ मा वोलपत्र आहान गरेकोमा ३ वटा मध्ये १ मात्र वोलपत्र पेश भएको छ । विभिन्न ८ मध्ये ६ वटा ठेकाक्काबाट यस बर्ष कुल रु. ३४,९३,२९४ (मू.अ.कर समेत) राजस्व संकलन भएको छ । उक्त राजस्व लागत अनुमान रु. ४४,१९,९४९.६३ को ७९ प्रतिशत मात्र राजस्व संलकन भएको छ । नदिजन्य पदार्थको प्रयोगबाट अपेक्षित राजस्व संकलन हुन नसकेकेकोले समयमै ठेक्का लगाई राजस्व संकलनमा वढोत्तरी गर्नु पर्दछ ।

४२.२

**मू.अ.कर दाखिला** - एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ मा मूल्य अभिबृद्धि कर नलाग्ने वस्तुको कारोबार गर्ने संस्थाले दाखिला गर्ने मुल्य अभिबृद्धि कर वित्तीय संकेत नम्बर ३३३१७ मा दाखिला गर्नु पर्ने उल्लेख छ । पालिकाले देहायका आय ठेक्काबाट उठेको मू.अ. कर रकम संघीय राजस्वमा दाखिला हुनुपर्नेमा दाखिला भएको पाईएन । नियमानुसार संघीय राजस्व दाखिला भएको प्रमाण पेश हुनुपर्दछ ।

| सि.नं. | ठेक्का लगाएको स्थान | ठेक्केदारको नाम | मू.अ. कर बाहेक | मू.अ.कर रकम |
|---|---|---|---|---|
| १ | लम्सुवा घाट बगर अरुण नदि | सेक्नेपेदन बिल्डर्स प्रा.लि. भोटखोला संखुवासभा | ७१०६१९ | ९२३८० |
| २ | लिडे बगर अरुण नदी | एरिजोना कन्सल्टेन्ट तथा कन्ट्रक्सन प्रा.लि. विराटनगर | ४४६९०२ | ५८०९७ |
| ३ | लामी बगर अरुण नदि | समर्पण जेम्स कन्ट्रक्सन | ७१६८१ | ९३१८ |
| ४ | बेतिनी घाट अरुण बगर अरुण नदि | बराल ढुवानी सेवा तथा सप्लायर्स खाँदबारी ८ | ६१३२७ | ७९७२ |
| ५ | वेतिनी चेवावेशी विचको बगर अरुण नदि किनार | दिपज्योती इन्जिनियरिङ कन्ट्रक्सन कम्पनी प्रा.ली काठमाण्डौं | २४७७८७ | ३२२१२ |
| ६ | सभा-अरुण दोभान सभा खोला | कृष्ण निर्माण सेवा उदयपुर | १५५३०९७ | २०१९०२ |
| | | जम्मा | **३०९१४१३** | **४०१८८१** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०१,८८१ |

४२.३ **बिक्री ढुवानी** - अभिलेख ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ९ अनुसार उत्खनन संकलन वा ढुवानी कर्ताले संकलन वा ढुवानी गरेको परिणामको दैनिक पटके उत्पादन बिक्री वा ढुवानी गरेको परिणामको अभिलेख अनुसुचि ४ (क) बमोजिम र दैनिक गरेको बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसुची ४ (ख) बमोजिम राख्नु पर्ने व्यवस्था रहेता पनि पालिकाले यस्ता विवरण लिई अध्यावधिक नराखेकोले यथार्थ उत्खनन तथा बिक्रीको परिणाम भिडान गर्न सकिएन ।

४२.४ **शर्तको पालना** - ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ को दफा ९ अनुसार साधारण निर्माणमुखि नदिजन्य पदार्थको उत्खन्न सकलन गरि घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा तोकिएको शर्तहरुको पालना भए नभएको अनुगमन गरि जिल्ला समन्वय समितिले निर्देशन दिने तथा अनुगमन गरि आबश्यक कारबाही गर्नुपर्ने व्यवस्था रहेता पनि समन्वय समिति र पालिकाबाट सोहि मापदण्डको अनुसूचि ५ अनुसारको चेक लिस्ट प्रयोग गरि अनुगमन भएको लिखत अभिलेख देखिएन । यसको अभावमा तोकिएको परिणाममा उत्खनन र राजस्व असुली तथा वातावरणीय पक्षमा असर परे नपरेको तथा दिएका सुझावको कारवाहि भए नभएको एकिन हुन सक्ने अवस्था नरहेकोले यसमा तोकिएका जिम्मेवार पदाधिकारीलाई उत्तरदायी बनाउनु पर्ने देखियो ।

४२.५ **अनुगमन** - ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ अनुसार पालिकाले व्यवसायीसँग गरेको प्रत्येक सम्झौतामा कुनै किसिमको कर सेवा शुल्क र दस्तुर थप गरी लिन नपाउने र नियमानुसारको शुल्क दस्तुर कर असुल गर्दा पालिकाबाट प्रमाणित भर्पाई रसिदको आधारमा मात्र गर्ने उल्लेख भएकोमा प्रमाणित रसिद उपलव्ध गराएता पनि सोको भिडान र अनुगमन भएको नदेखिएकोले यसको सदुपयोगमा यकिन हुन सकिएन ।

## ४३ टोल विकास संस्था

टोल विकास संस्था संचालन कार्यविधि २०७५ को बुँदा १३ मा टोल विकास संस्थाको लेखापरिक्षणको व्यवस्था भएकोमा आ.व.२०८१।८२ मा कुनै पनि संस्थाले लेखापरिक्षण गरी प्रतिवेदत पेश गरेको पाइएन।२० लाख भन्दा बढी कारोवार गर्ने संस्थाहरु प्यानमा दर्ता हुनुपर्ने व्यवस्था रहेकोमा प्यानमा दर्ता भई कारोवार गरेको पाइएन । संचालन कार्यविधिको बुँदा १० मा वडा तथा नगरपालिकाले टोल विकास संस्थाको नियमित अनुगमन गर्नु पर्नेमा अनुगमन गरी प्रतिवेदन पेश गरेको पाइएन । संचालन कार्यविधिको

बुँदा ३ मा विघटन भएका तथा निस्कृय संस्थाहरुको संम्पति कार्यालयको नाममा आउने व्यवस्था रहेकोमा पालिकाले विघटन तथा निस्कृय रहेका संस्थाहरुको विवरण पेश नगरेकोले छानविन गरी सो को संम्पति कार्यालयको नाममा ल्याउनु पर्ने देखिन्छ।

## ४४ तालिम सम्बन्धि नर्म्स

नेपालको संविधान २०७२ को धारा ५७ को उपधारा ६ बमोजिम नगरसभाले बनएको कानुन तथा कार्यविधि संघिय कानूनसँग बाझिने गरी बनाउन हुदैन भन्ने उल्लेख छ साथै अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका २०८१ को अनुसूचि ११ को १९ मा शिक्षा सम्बन्धी आईटी तालिम कार्यक्रम संचालन गर्दा सोही कार्यालयबाट आयोजना गरीएको नगर स्तरीय तामिममा कार्यपत्र वापत सहायक स्तरको रू. ८०० र अधिकृत स्तरको रू. १००० दिन व्यवस्था भएकोमा पालिकाले केन्द्रिय नर्म्स भन्दा बढी रू. १५०० राखी देहाय बमोजिम बढी खर्च लेखेकोले अशुल हुनुपर्दछ।

| भौन मिति | विवरण | प्रशिक्षकको नाम | केन्द्रिय नर्म्स | पालिकाकोनर्म्स | बढी रकम |
|---|---|---|---|---|---|
| | | डम्मरु निरौला १५००का दरले ५ तालिम | ४००० | ७५०० | ४९०० |
| २५५/२०८२ ३।९ | रोजगारीमा खटिनु पूर्व अनुशिक्षण कार्यक्रम सहायक स्तर | रोषन निरौला १५००का दरले ५ तालिम | ४००० | ७५०० | ३५०० |
| २५५/२०८२ ३।९ | सुरक्षित आप्रवासन कार्यक्रम अर्न्तगत नगरपालिकाको न्यायीक समितिलाई अभिमुखीकरण | गुणराज खत्री | १००० | १५०० | ५०० |
| जम्मा | | | | | ८९०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रु **७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रु **४,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रु **२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रु **७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रु **१,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,९०० |

## ४५ टुक्रा पारि खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजमि प्रतिस्पर्धा सीमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा, २०६४ को नियम ८ मा बार्षिक खरिद योजना तयार गर्नुपर्ने सम्बन्धी उल्लेख गरेको छ । साथै नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैँया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुल्ला बोलपत्रको माध्यमद्धारा खरिद गर्नु पर्नेछ । तर कार्यालयले प्रचलित कानुनी व्यवस्थाको पालना नगरी मसलन्द तथा कार्यालय सामाग्री शीर्षकमा एउटै प्रकृतिको सामाग्री खरिदमा टुक्रा टुक्रा पारि रू. ७५,१४,९७४ को मसलन्द तथा कार्यालय सामाग्री खरिद गरेको छ ।

यसरी खरिद कार्यलाई टुक्रापारी गरेको खरिद कारबाही नियमसम्मत देखिएन । तर्सर्थ यस्तो कार्यमा सुधार गर्दे खरिद कार्यलाई मितव्ययी बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४६ **प्रविधि हस्तान्तरण**

४६.१ **सहभागी शुल्क**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रू **१३,९९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६.२ **नपुग रकम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रू **४८,३०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४७ **अनुदान रकमबाट प्रशासनिक खर्च**

प्रदेश सरकार उद्योग कृषि तथा सहकारी मन्त्रालयबाट स्थानिय तहहरूमा वित्तिय हस्तान्तरण मार्फत सशर्त कार्यक्रम संचालन सम्बन्धि २०८०।८१ को बुदा ४ मा अनुदानको रकमबाट सामाजिक परिचालक तथा प्रविधिक राख्न भ्रमण भत्ता अन्य भत्ता मसलन्द लगायतका साधारण खर्चहरूमा प्रयोग गर्न पाइने छैन भन्ने उल्लेख भएकोमा पालकाले रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत कुटानी पिसानी मिल र रेफ्रीजेरेटर मेसीन वितरण कार्यमा लाभग्राही छनौटमा बैठक बसेको भनी ३ दिनको रू. ३६००० खर्च लेखेको पाइएकोले उक्त खर्च लेख्न मिल्ने नदेखिएको कर कट्टी पश्चातको रकम असुल हुनुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,६०० |

४८ **कर कट्टी नभएको**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रू **१९,२६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४९ **आईटी स्रोत शिक्षककालागी तालिम**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को बुँदा २.७.१३.३०२ मा शैक्षिक सुशासनका लागी संस्थागत क्षमता विकास विद्यार्थि परीक्षण मूल्याङ्कन शिक्षक मेन्टरीङ्ग तथा विद्यालय सुपरीवेक्षण अन्तर्गत आधारभूत तथा माविका आईटी स्रोत शिक्षकका लागी सूचना प्रविधि सम्बन्धि क्षमता तालिममा प्रति शिक्षक रू. ६००० खर्च गर्नु पर्ने उल्लेख छ । पालिकाले शिक्षकहरुलाई ५ दिने तालिममा रु. १,५०,२२० खर्च लेखेको पाइयो । तालिममा १८ जना शिक्षक सहभागी भएकोमा रु. १,०८,००० खर्च गर्न सकिनेमा बढी खर्च गरेको नियमसम्मत देखिएन।

| | |
|---|---|
| अनियमित भएको | ४२,२२० |

५० **बैदेशिक भ्रमणको खर्च**

गो.भौ.न. ७८४/२०८२।२।२२ स्थानीय तहका पदाधिकारीहरूको विदेश भ्रमण सम्बन्धि निर्देशिका २०७५ को बुँदा ४ मा पदाधिकारीको विदेश भ्रमणका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रिबाट मनोनयन हुनु पर्ने व्यवस्था छ । यस बर्ष पालिकाका प्रमुख सहित १२ जना कर्मचारी सम्मिलित टोली भारतको हैदरावाद म्युनिसिपलको निमन्त्रणामा सामान्य प्रशासन

मन्त्रालयको स्वीकृति बेगर निजी खर्चमा भारत भ्रमणा गएको देखिन्छ । भारतीय दुतावासको मिति २०२५ फेब्रुअरी २० को पत्रमा भ्रमण सम्बन्धी सम्पूर्ण खर्च भारत सरकारले व्यहोर्ने कुरा उल्लेख छ । पालिकाले प्रशासकीय अधिकृत दिनेश कट्टेललाई उक्त भ्रमणमा उपहार तथा सामाग्री खरिदको लागि रू. १,२१,९५५ भुक्तानी गरेको छ । नेपाल सरकारको पूर्व स्वीकृति बेगर विदेश भ्रमणमा सरकारी कोषबाट हुने यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ।

५१ **अन्य कार्यालयको खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमा भित्र रही तोकिएको प्रकृया पूरा गरी तोकिएको प्रयोजनमा मात्र खर्च गर्नुपर्दछ । स्थानीय निकायका लागी वित्तीय समानिकरण अनुदान बापत प्राप्त हुने रकम केन्द्र सरकारबाट छुट्टै बजेट बिनियोजन हुने सरकारी कार्यालयका लागि खर्च गर्न मिल्ने देखिदैन।पालिकाले नगरपालिका चालु बजेट उपशिर्षकबाट विभिन्न सरकारी कार्यालयको भवन निर्माण, मर्मत संभार, बस्तुगत अनुदान तथा अन्य चालु प्रकृतिका खर्चहरु बापत भुक्तानी दिने गरेको पाईयो।यसरी सार्वजनिक निर्माण, अनुदान, सहायता उपलब्ध गराउनुपर्ने अवस्था श्रृजना भएमा आफ्नो आन्तरिक श्रोतबाट प्राप्त रकमको उपभोग गर्नुपर्नेमा सो समेत गरेको पाईएन।यसरी हुने सार्वजनिक खर्चबाट काममा दोहोरोपना हुन सक्ने, बजेट तथा जिन्सी मालसामानको अनियमिता तथा हिनामिनासमेत हुन सक्ने हुँदा यस्ता नियमसम्मत देखिएन ।

| **सि.नं.** | **गो. भौ./मिति** | **अन्य कार्यालयकोनाम** | **कामकोबिवरण** | **भुक्तानीरकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | ९०३/२०८२।३।५ | नेपाल नागरिक उड्डयन प्राधिकरण, तुम्लिङ्गटार | कोठा भाडा बापत | ४९,०३० | प्रयोजन नखुलेको |
| २. | ११४३/२०८२।३।२२ | नेपाल नागरिक उड्डयन प्राधिकरण, तुम्लिङ्गटार | एक्रेलिका बोर्ड तथा फोटो धुलाई को लागि द क्रिएटिभ आइ इन्टरनेश्नल कन्सर्न प्रा.लि. | १९४,३१४ | |

| | |
|---|---|
| अनियमित भएको | २,४३,३४४ |

५२ **भत्ता सम्बन्धमा**

५२.१ **नपाउने भत्ता** - संघीय शसर्त चालुतर्फ खाँदवारी नगरपालिका तालिम गोष्ठी सेमिनार अन्तर्रक्रिया कार्यशाला सम्बन्धि निर्देशिका २०७६ बुँदा १० मा तालिम कार्यक्रममा १ जना संयोजक र २ जना सहयोगी राख्न सकिने व्यवस्था भएकोमा पालिकाले देहायका तालिममा सेसन सहयोगी कर्मचारी बढी राखी भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

| भौन मिति | कार्यक्रमको विवरण | भुक्तानी दिएको संख्या | दिनु पर्ने संख्या | बढी संख्या | दर | बढी भुक्तानी रकम कर कटाई |
|---|---|---|---|---|---|---|
| २५५-३।९ | सुरक्षित आप्रवासन कार्यक्रम अन्र्तगत नेपाल प्रहरीलाई अभिमुखीकरण | ४ | २ | २ | १००० | १७०० |
| | सुरक्षित आप्रवासन कार्यक्रम अन्र्तगत नगरपालिकाको न्यायीक समितिलाई अभिमुखीकरण | ३ | २ | १ | १००० | ८५० |
| | सुरक्षित आप्रवासन कार्यक्रम अन्र्तगत पत्रकारहरूलाई | ४ | २ | २ | १००० | १७०० |
| जम्मा | | | | | | ४२५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२५० |

५२.२ **सिलवन्दी दरभाउपत्रको बैठक भत्ता** - नगरपालिका चालुतर्फ पालिकाले विभिन्न मितिमा १० लाख भन्दा मुनीका लागत अनुमान भएका खरिद कार्यको सिलवन्दी दरभाउपत्रको मुल्याङ्कन गरेको भनी पटक पटक बैठक बसी भत्ता भुक्तानी गरेको पाइयो।सिलबन्दी दरभाउपत्र मुल्याङ्कन गर्ने कार्यमा कुनै विज्ञता तथा समयावधि नचाहीने र कार्यालयको समयमै निर्णय गरी मुल्याङ्कन गर्न सकिने र खरिद गरिने कार्य कार्यालयको दैनिक कार्य भएकोमा विहान बेलुका बैठक बसी खर्च गरेको नियमसम्मत देखिएन।

| बैठक मिति | कार्यक्रमको नाम | सहभागी संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| २०८१।११।५ | राजकुलो देखी भट्टेडाँडा हुदै बेलकोट जाने बाटो | ८ | ८००० |
| २०८१।१२।१४ | जिल्ला समन्वय गेट देखी पिप्ले जानेबाटो | ८ | ८००० |
| २०८१।१२।५ | बलबिरे घोर्ले सडक मर्मत | ८ | ८००० |
| २०८१।१२।१३ | सेफहाउस देखी विजुली अफिस सम्म जानेबाटो | ८ | ८००० |
| २०८१।१२।१५ | निरौला गाँउबाट सनसाइन वोडीङ्ग हुदै देवकोट चोक जाने बाटो | ८ | ८००० |
| २०८१।१२।१६ | विभिन्न सडकको ट्रयाक ओपन | ८ | ८००० |
| २०८१।१२।१७ | बुद्धविहार फुटसल जानेबाटो मर्मत | ८ | ८००० |
| २०८१।१२।२४ | शेर्पासंघ संखुवासभाको भवन निर्माण | ८ | ८००० |
| जम्मा | | | ६४००० |

| अनियमित भएको | ६४,००० |
|---|---|

५३ **संझौता तथा हाजिरी वेगर भुक्तानी**

५३.१ **नगरपालिका चालु-** आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले तपशीलमा उल्लेखित विज्ञ तथा परामर्श दातालाई करार संझौता तथा हाजिरी प्रमाण नराखी पारिश्रमिक भुक्तानी गरेको छ । यसरी गरेको भुक्तानी आधिकारिक खर्च हो होइन एकिन हुन सकिएन । अतः यसरी भुक्तानी भएको रकम नियमसम्मत देखिएन।

| सि.नं | भौ नं | खर्च शीर्षक | भुक्तानी पाउने | भुक्तानीको विषय | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३२८/२०८१।९।२३ | करार सेवा शुल्क | इन्द्र कुमार गिरी | नगर प्रमुखको प्रेस सल्लाहकार तथा कानूनी सल्लाहकार | ३०,००० | करार संझौता ताथा हाजिरी नभएको |
| २ | ३२८/२०८१।९।२३ | करार सेवा शुल्क | किरण शाक्य | नगर प्रमुखको प्रेस सल्लाहकार तथा कानूनी सल्लाहकार | ३०,००० | |
| ३ | ५१२/२०८१।१२।२३ | सेवा र परामर्श सेवा | परशुराम रिजाल | कानूनी परामर्शदाता | ५३,००० | |
| जम्मा | | | | | १,१३,००० | |

| अनियमित भएको | १,१३,००० |
|---|---|

५३.२ **असुल हुनुपर्ने**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रू **४,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५४ **बैठक भत्ता**

५४.१ **बढी बैठक भत्ता भुक्तानी -** कुनै एक ठेक्काको मुल्यांकनका लागि १२ वटा सम्म बैठक भत्ता लिएको देखियो । सो ठेक्काको प्राविधक मूल्याकंन वापतको एक पटक र आर्थिक मूल्याकंनको एक पटक गरी मूल्याकंन गर्न सकिने अवस्थामा सोको आवश्यक्ता तथा औचित्यता बेगर एक ठेक्काको १२ पटकसम्मको बैठक भत्ता भुक्तानी गरेको देखियो । अतः २ पटक सम्मको बैठक भत्ता भुक्तानी हुनुपर्नेमा थप बढी १० वटा बैठकको भुक्तानी गरेको रकम सम्बन्धित कर्मचारीहरुबाट असुल हुनुपर्दछ।

| सि. न. | भुक्तानी पाउने | मुल्याङ्कन समितिमा जिम्मेवारी | बैठक सख्या | बैठक रकम दर | जम्मा रकम | बढी देखिएको बैठक संख्या | कर कट्टी पश्चातको रकम असुल गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | गुणराज खत्री आ.ले.प. | सदस्य | १२ | १५०० | १८००० | १० | १२७५० | एउटै विषयको लागि पटक पटक बैठक बसी आवस्यता भन्दा बढी बैठक भत्ता भुक्तानी भएको |
| २ | इञ्जिनियर अलेख कटुवाल | सदस्य | १२ | १५०० | १८००० | १० | १२७५० | |
| ३ | लवहाङ्ग राई प्रशासकीय अधिकृत | सदस्य | १० | १५०० | १५००० | ८ | १०२०० | |
| | | | | | | जम्मा | ३५७०० | |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रू **१२,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,७०० |

५४.२ **खर्चमा मितव्ययीता -** बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्ति राख्न नपाईने तर विशेज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा तीन(३) जनासम्म मात्र आमन्त्रित सदस्यालाई भत्ता प्रदान गर्न सकिने अवस्थामा नगरपालिकाले सो ठेक्का तथा बोलपत्रको लागि आवश्य विशेषज्ञ पदको पहिचान नगरी आन्तरिक कर्मचारीलाई विशेषज्ञको दर्जामा राखि एकै ठेक्काको लागि बैठक भत्ता १२ पटकसम्म भुक्तानी गरेको छ । अतः यस्तो कार्यमा सुधार गर्दै खर्चमा मितव्ययीता अपनाउनुपर्ने देखिन्छ ।

५५ **गत आ.व.को भुक्तानी**

भौ नं ११२/२०८१।६।१३- पालिकाले गत आ.व. को भुक्तानी भनि सितेरियो कराँते संघ संखुवासभालाई रू. ३०,००० भुक्तानी गरेको छ ।श्रेस्ता परीक्षण गर्दा उक्त संघको संस्था दर्ता भएको प्रमाण पेश भएको देखिएन ।संघले २०८०।८।२९-८।३० सम्म उदयपुरमा संचालन हुने कार्यक्रमा भाग लिने प्रयोजनार्थ सहयोग माग गर्ने निर्णय गरेको ।पालिकामा आर्थिक सहयोगका लागि पेश भएको निवेदनमा विराटनगरमा हुने कार्यक्रम भनि विराटनगर जाँदाको यातायात खर्चको विल पेश भएको । पेश भएको सवारी रिजर्भ विल अनुसार २०८०।१०।२ मा विराटनगर गएर २०८०।१०।७ मा खाँदबारी फर्किएको व्यहोरा उल्लेख भएको । सहायताका लागि पालिकामा २०८०।११।।१ मा निवेदन पेश भएको देखिन्छ । यसरी कार्यक्रम स्थान, कार्यक्रम मिति तथा सवारी रिजर्भ बापत पेश भएको विलको कुनै तादम्यता देखिएन । सो संघबाट पालिकाले कुनै सेवा तथा वस्तु लिएको एवं संझौता गरेको पनि देखिएन । यसरी दायित्व सिर्जना हुन नसक्ने विषयलाई पनि अनिवार्य दायित्व सिर्जना देखाइ यस बर्ष भुक्तानी गरिनुले खर्चको यथार्थता पुष्टि हुन सक्ने देखिएन । यसरी विना औचित्य भुक्तानी भएको यस्तो रकम नियमसम्मत देखिएन।

| | |
|---|---|
| अनियमित भएको | ३०,००० |

५६ **टेण्डर मुल्याङ्कन**

सार्वजनिक खरिदलाई मितव्ययी तथा प्रभावकारी बनाउने समबन्धि मापदण्ड २०८१ को बुँदा ३मा सरकारीकोषबाट वितरण हुने सबै प्रकारका भत्ता तथा सुविधा दोहोरो पर्ने गरी वितरण गरिने छैन भन्ने उल्लेख छ ।पालिकाले शिलवन्दी दरभाउपत्र तथा बोलपत्रको मुल्याङ्कन गर्दा एउटै विषय वस्तुलाई पटक पटक मुल्याङ्कन गरी बैठक भत्ता भुक्तानी भएको पाइयो।२ करोड भन्दा मुनीको लागत अनुमान भएका दरभाउपत्रको Document completeness/Eligibility check गरेको भनी प्रत्येक विडरको मुल्याङ्कन गरेको भनी अलग अलग बैठक बसी भत्ता भुक्तानी भएको पाइयो।खरिद इकाई ५ जनाको बानएता पनि ३ जना कार्यालयका कर्मचारीलाई आमन्त्रितमा राखी पटक पटक बैठक खर्च लेखेको पाइयो । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ।

| गो.भौ.नं. र मिति | बैठक मिति | ठेक्का नं | लागत अनुमान | बैठकमा उपस्थित संख्या | निर्णयको विषय | रकम |
|---|---|---|---|---|---|---|
| ९२२- ९। २५ | २०८२।१।९ विहान ७। ३०बजे | Kmo/ncb/word 8/81/82 | २२९५६९२ | ८ | जउवारी निर्माण सेवा Document complection and Eligibility check | ८००० |
| | २०८२।१।९ विहान ५। ३०बजे बेलुका | Kmo/ncb/word 8/81/82 | | ८ | जलेश्वर निर्माण सेवाDocument complection and Eligibility check | ८००० |
| | २०८२।१।६ विहान ७। ३०बजे बेलुका | Kmo/ncb/word 2/81/82 | ४९९०७३३ | ८ | वरुण निर्माण सेवा Document complection and Eligibility check | ८००० |
| | २०८२।१।६ विहान ५। ३०बजे बेलुका | Kmo/ncb/word 2/81/82 | | ८ | सर्मपण जेम्र्स कन्ट्रक्सन Document complection and Eligibility check | ८००० |
| | २०८२।१।७ विहान ७। ३०बजे | Kmo/ncb/word 1 /81/82 | १९९३०२२४ | ८ | विन्दावासिनी निर्माण सेवा Document complection and Eligibility check | ८००० |
| | २०८२।१।७ बेलुका ५। ३०बजे | Kmo/ncb/word 1/81/82 | | ८ | जलेश्वर निर्माण सेवा Document complection and Eligibility check | ८००० |
| | २०८२।१।८ विहान ७। ३०बजे | Kmo/ncb/word 1/81/82 | | ८ | स्कापेडीन बिर्ल्डस Document complection and Eligibility check | ८००० |
| | २०८२।१।८ बेलुका ५। ३०बजे | Kmo/ncb/word 1/81/82 | | ८ | हरिकृष्ण निर्माण सेवा Document complection and Eligibility check | ८००० |
| | २०८१।१२।२ विहान ७। ३०बजे | Kmo/ncb/word 7/81/82 | १९९८४२९१ | ८ | जङ्ग निर्माण सेवा Document complection and Eligibility check | ८००० |
| | २०८१।१२।२ बेलुका ५। ३०बजे | Kmo/ncb/word 7/81/82 | | ८ | साजिला कन्स्ट्रक्सन Document complection and Eligibility check | ८००० |
| | २०८१।१२।१ विहान ७। ३०बजे | Kmo/ncb/word 7/81/82 | | ८ | सर्मपण जेम्सकन्स्ट्रक्सन Document complection and Eligibility check | ८००० |
| | २०८१।१२।१ बेलुका ५। ३०बजे | Kmo/ncb/wor7 8/81/82 | | ८ | एन डी इन्जिनियरीङ्ग एण्ड विल्डर्स Document complection and Eligibility check | ८००० |
| जम्मा | | | | | | ९६००० |

## ५७ निर्देशिका विपरित खर्च

अर्थ मन्त्रालयद्वारा जारी कार्यसञ्चालन निर्देशिका २०८१ को अनुसूची ११ अनुसार प्रशिक्षार्थी छनौट गरी वा नगरी सञ्चालन गरिएको जुनसुकै प्रकारको तालिम, गोष्ठीको सहभागीहरुलाई सहभागी भत्ता उपलब्ध नगराउने भनी सूचना गर्नुपर्ने, तालिम, गोष्ठी, कार्यशालाको सहभागीलाई सहभागी भत्ता दिने गरी कार्यक्रममै सहभागीहरुलाई सहभागी भत्ता वा सहभागीको भ्रमण खर्च वा दुवै दिने गरी स्वीकृत भएको कार्यक्रमका सहभागीहरुलाई जिल्लाभित्र दैनिक खाने बस्ने खर्च बापत रु ७०० उपलब्ध गराउन सक्ने व्यवस्था रहेको तथा निर्देशिकोको स्पष्टिकरण अनुसार जिल्लास्तरीय तालिम भन्नाले सदरमुकाम वा अन्यन्त्र जहाँ सञ्चालन गरिने भए तापनि सहभागीको आवासको व्यवस्था गर्नुपर्ने तालिम सम्झनु पर्दछ भन्ने व्यवस्था रहेको छ । कार्यालयले देहायबमोजिमका कार्यक्रमहरुमा सहभागिता भत्ता दिने गरी कार्यक्रम स्वीकृत भएको बेगर तथा सहभागीको आवासको व्यवस्था गर्नु नपर्ने अवस्थामा समेत पालिकाको सभाहलमा दिवा समयमा संचालन भएको कार्यक्रममा कार्यालयका कर्मचारी सहभागी गराई भत्ता भुक्तानी गरेको पाइएकोले उक्त भत्ता निर्देशिका विपरित भएकोले असुल हुनुपर्दछ।

| भौ. नं . मिति | कार्यक्रमको नाम | कर्मचारीको नाम | भुक्तानी रकम (कर कट्टी पश्चात) |
|---|---|---|---|
| ६६-९।९ | पोषण समिक्षा तथा कार्ययोजना तयारी | प्रअ लवाङ्ग राई | ११९० |
| १६४-१।१५ | नियमित खोप सुद्धिढीकरण पूर्ण खोप सुनिश्चितता र दिगोपना | प्रअ लवाङ्ग राई | ५९५ |
| | | आलेपअ गुणराज खत्री | ५९५ |
| जम्मा | | | २३८० |

| असुल गर्नुपर्ने | २,३८० |
|---|---|

## ५८ उपभोक्ता समितिको काममा बीमा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को ३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट बीस लाख रुपैँया भन्दा बढी मुल्यको निर्माण कार्य गराउदा संझौता रकममा बीमा वापतको खर्च व्यहोर्ने गरी समावेश गरी सोही रकमबाट उपभोक्ता समिति वा लाभग्राही समुदायले उपनियम(१) बमोजिम बीमा गराउनुपर्ने उल्लेख रहेको छ । पालिकाले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट हुने रू.२० लाख भन्दा बढीको निर्माण कार्यमा बिमा गरी कार्य गराएको देखिदै । अतः पालिकाले कानुनमा भएको व्यवस्थाको पालना गरी बिमा गराई कार्य गराउने तर्फ ध्यान दिनुपर्दछ।

## ५९ अनुदान

अनुदान तर्फ देखिएका वेहोराहरु देहायबमोजिम छन्

५९.१ **विवरण सार्वजनिकीकरण -** प्रदेश तथा स्थानिय तहमा सर्शत वित्तीय हस्तान्तरीत कृषि विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०८१ मा प्रदेशले सशर्त कार्यक्रम कार्यान्वयन प्रक्रियामा सहजीकरण, समन्वय र अनुगमनका लागि प्रदेशस्तरमा समन्वय तथा अनुगमन समिति गठन गर्न सक्नेछ तर, प्रदेश स्तरमा कृषि सम्बन्धी कार्यक्रम सञ्चालनको लागि समिति रहेको खण्डमा सोही समितिले कार्य गर्ने उल्लेख छ समन्वय तथा अनुगमन समितिले सशर्त कार्यक्रमको प्रभावकारी कार्यान्वयको लागि प्रदेशभित्र रहेका संघीय निकाय,अन्तर्गतका निकाय र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने, प्रदेश तथा स्थानीय तहका सशर्त कार्यक्रमको अनुगमन एवम् समीक्षा गर्ने र कार्यक्रम सञ्चालन सम्बन्धमा आइपरेका समस्याहरूको समाधानका लागि समन्वय गर्ने उल्लेख छ।पालिकाले यस वर्ष सुन्तला खेती गर्नको लागी सिंचाइ सुविधा पुरयाउनको लागी ७५ प्रतिशत अनुदानमा १२६८० मीटर पाइप खरिद वापत रु. ७,३५,००० र सुन्तलाको विरुवा ४१११गोटा विरुवा रु ३,७३,००० मा खरिद गरी विभिन्न कृषकहरुलाई वितरण गरेको पाइयो। वितरण गरिएका पाइप तथा विरुवाहरुको सही सदुपयोग भए नभएको अनुगमन गरी प्रतिवेदन पेश हुनु पर्दछ। साथै अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।

५९.२ **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । प्राप्त बिबरण अनुसार पालिकाले देहाय अनुसार कृषिजन्य उपकरण खरिदबापत रु. १४,०७,९०१ अनुदान खर्च लेखेको छ । अनुदान वितरणको सम्बन्धमा पालिकाले स्थानीय अनुदान नीति तय गरेको छैन । नीतिगत स्पष्टता नहुँदा एकैखालको अनुदान वितरणमा लागत सहभागिताको विषयमा भिन्नता हुनुका साथै लाभग्राही छनौट र मूल्याङ्कनको आधार समेत स्पष्ट हुनुपर्दछ । साथै पालिकाले वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको अनुदानको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

| क्र.स | कार्यक्रमको नाम | कृषक/कृषक समूह/कृषि फर्म/कृषि | अनुदानग्राहीको नामावली | ठेगाना | कुटानी पिसानी मिल(थान) | रेफ्रिजेरेटर थान | अनुदानको (५०% लागत सहभागीता) |
|---|---|---|---|---|---|---|---|
| १ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम( संघिय सरकार ससर्त अनुदान तर्फ) | पाँचमुरे कृषि तथा पशुपन्छी फर्म | मिनिता तामाङ | खा.न.पा.१ | १ | ०० | २४५०० |
| २ | | किसान | मोहन प्रसाद काफ्ले | खा.न.पा.४ | १ | ०० | २४५०० |
| ३ | | भ्याङखोला बहुउद्वेश्यीय अ.कृ.प.मा.फ. | सिता माया गुरुङ | खा.न.पा.४ | १ | ०० | २४५०० |
| ४ | | भिरकुना तमोहिल बहुउद्वेश्यीय कृ.त.प.स | कौडि बहादुर गुरुङ्ग | खा.न.पा.५ | १ | ०० | २४५०० |
| | | | दिल कु.राई | खा.न.पा.५ | १ | ०० | २४५०० |
| | | | यशोदा गुरुङ्ग | खा.न.पा.५ | १ | ०० | २४५०० |
| ५ | | वान्ताना कृषि तथा पशुपालन फर्म | फणिन्द्र राई | खा.न.पा.६ | १ | ०० | २४५०० |
| ६ | | खिप्रिङ कृ.प.स | यदु कु.केप्छाकी मगर | खा.न.पा.६ | १ | ०० | २४५०० |
| ७ | | किसान | भिम ब.आले | खा.न.पा.७ | १ | ०० | २४५०० |
| ८ | | किसान | ढोकल ब.कार्की | खा.न.पा.९ | १ | ०० | २४५०० |
| ९ | | सलिना बहुउद्वेश्यीय कृ.प.फ. | सजना श्रेष्ठ | खा.न.पा.९ | १ | १ | २४५०० |
| १०. | | किसान | पदम प्रसाद ढकाल | खा.न.पा.१० | १ | ०० | २४५०० |
| ११. | | ममता कृषि पशुपालन फर्म | ममता कटुवाल | खा.न.पा.८ | | १ | १३५०० |
| १२. | | एकता बहुउद्वेश्यीय सहकारी लि. | गोमा कटुवाल | खा.न.पा.८ | | १ | १३५०० |
| | | | शारादा ढुङ्गना | खा.न.पा.८ | | १ | १३५०० |
| | | | भुपाल अधिकारी | खा.न.पा.८ | | १ | १३५०० |
| | | | गोरे ब. विश्वकर्मा | खा.न.पा.८ | | १ | १३५०० |
| १३ | नयाँ धाल बाली पइकेट बिकास कार्यक्रम ( नेपाल सरकार संघिय सशर्त अनुदा) | एकता बहुउद्देस्यीय सहकारि लि. | कृष्ण बराल | खा.न.पा ८ | ३मिनिटेलर | ९७७पाइप. मिटर | १४९४५१ |
| १४ | | कुलुङ कृ. तथा.प.फर्म | मिलन राई | खा.न.पा ४ | १ मिनिटेलर | २००पाइप.मिटर | ३९९९० |
| १५ | | कौसिला बहुउद्धेश्यीय कृ.फर्म | कौसिला सार्की | खा.न.पा ५ | १ मिनिटेलर | ४००पाइप. | ५५६३० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | | प्रगति कृ. समुह | दिल कु. शाही | खा.न.पा १० | १ मिनिटेलर | ६००पाइप. | ७१२७० |
| १७ | | चिसापानि फलफुल तरकारि तथा माछापालन फर्म | प्रकाश गुरुङ्ग | खा.न.पा ३ | १मिनिटेलर | ३००पाइप. | ४७८१० |
| १८ | | झोलुङ्गे बहुउद्देश्यीय कृ. तथा प. फर्म | सुन्दरि गुरुङ्ग | खा.न.पा ८ | १मिनिटेलर | ७००पाइप. | ७९०८० |
| १९ | | सलिना बहुउद्देश्यीय कृ. तथा प. फर्म | सजना श्रेष्ठ | खा.न.पा ९ | १मिनिटेलर | ६००पाइप. | ७१२७० |
| २० | | वडेरेनि एकिकृत कृषि तथा सशुपालन फर्म | नारायण श्रेष्ठ, चित्र बहादुर बस्नेत | खा.न.पा८ | २मिनिटेलर | ७००पाइप. | १०३४४० |
| २१ | | कालिका बहुउद्देश्यीय कृ. प. फार्म | चन्द्र कुमारी खड्का | खा.न.पा ९ | २मिनिटेलर | ९००पाइप. | ११९०८० |
| २२ | | सिंहदेवि बहुउद्देश्यीय कृ. तथा प. फर्म | पष्प बहादुर कटुवाल | खा.न.पा ८ | १मिनिटेलर | ७००पाइप. | ७९०८० |
| २३ | | समाज कल्याण युवा कृषक समूह | उमेश कुमार कार्की | खा.न.पा ८ | १मिनिटेलर | ५०० | ६३४५० |
| २४ | | दुर्गा कृ. तथा.प.फर्म | उषा लिम्बु | खा.न.पा ४ | १मिनिटेलर | २०० | ३९९९० |
| २५ | | चापाबोट महिला कृ. समूह | सविना श्रेष्ठ | खा.न.पा ८ | १मिनिटेलर | ३०० | ४७,८१० |
| २६ | | मिन्चुवा कृषि सहकारी समूह | रत्न बहादुर राई | खा.न.पा ११ | १ मिनिटेलर | ५०० | ६३४१० |
| २७ | | भिरकुना तमोहेल बहुउद्देश्यिय कृषि तथा पसुपंक्षि कृषक समूह | कडौ बहादुर गुरुङ्ग | खा.न.पा ५ | मिनिटेलर | २०० | १५६४० |
| **जम्मा** | | | | | | | **१४०७९०१** |

५९.३ **सुन्तला बिरुवाको दर रेट** - कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मिति २०८१।१०।८ को मन्त्रिस्तरीय निर्णय अनुसार सुन्तला कलमि १-२ बर्षको १-२ फिटको प्रति गोटा रु ७५ रहेको छ भने बिजु सुन्तलाको १-२ बर्षको १.५-२.५ फिटको प्रतिगोटा रु. ४५ उल्लेख छ । तर पालिकाले बर्ष नखुलाई २ फिटको मापदण्ड बनाई ३ वटा फर्मसँग दररेट लिई सुन्तला कलमिको रु २०० र बिजु सुन्तलाको रु ८० मा खरिद गरेको पाइयो । मन्त्रालयको दररेट भन्दा देहाय बमोजिम बढी भुक्तानी भएको पाइएकोले मन्त्रालयको दररेटलाई समेत आधार लिनु पर्ने देखिन्छ।

| बिरुवाको विवरण | मन्त्रालयको दर | पालिकाले खरिद गरेको दर | फरक दर | परिमाण | रकम |
|---|---|---|---|---|---|
| सुन्तला कलमी | ७५ | २०० | १२५ | ११११ | १३८८७५ |
| सुन्तला बिजु | ४५ | ८० | ३५ | ३००० | १०५००० |
| जम्मा | | | | | २४३८७५ |

६० **स्वास्थ्य तर्फ**

स्वास्थ्य तर्फ देखिएका वेहोराहरु देहायबमोजिम रहेका छन्

६०.१ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा 18 महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । पालिकाले यसवर्ष यशोधा फर्मा र शंकरा कर्न्सनसंग रु. १५,३४,२९२ को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

६०.२ **औषधीको अभिलेख** - स्वास्थ्य सेवा विभागको प.सं २०८१।०८२,चलानी नं २०७३ मिति २०८२।३।३० गते जारी भएको परिपत्रको आधारमा पालिका अन्तर्गत रहेका स्वास्थ्य शाखाले प्राप्त गरेको औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्ने प्रणाली eLMIS लाई अगामी आ.व २०८२।८३ बाट PAMS मै एउटा system थप गरी अभिलेख राख्नुपर्ने जानकारी दिएको छ । साथै सोही परिपत्रले आ.व २०८१।८२ को अन्तिम महिना आषाढतिर म्यानुअल तरिकाले विवरण डाउनलोड गरी सो मौज्दातलाई नयाँ PAMS V2 मा Migration गर्नुपर्ने जानकारी दिएको छ। नयाँ PAMS V2 मा औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्नको लागि २०८२ श्रावण मसान्तभित्र युजर आइडी सिर्जना गरी अभिलेख अधावधिक गरिसक्नुपर्नेमा हालसम्म पनि अभिलेख अधावधिक गरेको देखिएन । तसर्थ पालिकाले यस प्रणालीको सिर्जना गरी औषधी तथा औषधीजन्य सामाग्रीहरु अभिलेख चुस्त दुरुस्त राख्नुपर्छ ।

६०.३ **निशुल्क औषधि खरिद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ को ३ क मा सार्वजनिक निकायले खरिद कार्य गर्दा प्याकेज बनाई खरिद गर्नु पर्ने उल्लेख छ भने नियम ८५ मा २५ लाख भन्दा बढीको औषधि खरिद गर्दा शिलबन्दी दरभाउपत्रबाट खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस बर्ष निशुल्क वितरण गर्ने औषधि खरिद गर्दा पहिलो पटक कोटेशन मार्फत ३ बटा फर्मबाट दररेट माग गरी युनिट रेटमा न्युन दर कबोल गर्ने यशोदा फर्मा सँग रु ६,९९,८१७ मा औषधि खरिद गरेको पाइयो सो रकम लागत अनुमान भन्दा ३ प्रतिशत कम रहेको छ भने दोस्रो पटक इविड मार्फत शिलवन्दी दरभाउपत्रबाट रु.१६,८८,५३९.८७ को लागत अनुमान तयार गरी खरिद कार्य गर्दा ५०.३५ प्रतिशत कममा रु ८,३४,४७५ औषधि शंकरा कनर्सन प्रालिबाट खरिद गरेको पाइयो । नियमावलीको प्रावधान अनुसार प्याकेज बनाई एकमुष्ट लागत अनुमान तयार गरी शिलबन्दी दरभाउपत्रबाट खरिद गर्दा बढी प्रतिस्पर्धा भइ न्युन मुल्यमा गुणस्तरीय औषधि प्राप्त हुन सक्ने गरी खरिद प्रकृया अपनाउनु पर्ने देखिन्छ।

६०.४ **न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०८१।८२ न्यानो झोला खरिद नभएको गत बिगतको ८६ थान मौज्दात रहेको वाट वितरण भएको देखिन्छ । पालिका अन्तर्गत रहेका ३ वटा बर्थिङ्ग सेन्टरमा प्रसूती भएका १९ जना सुत्केरी आमाहरुलाई १९ वटा बितरण गरी पालिका र पालिका अन्तर्गतका बर्थिङ्ग सेन्टरमा ३ वटा पालिकामा जम्मा १९ थान न्यानो झोला बाँकी रहेको देखिन्छ। बाँकी रहेको न्यानो झोला लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

६१ **कोशी सडक जग्गा लगतकट्टा**

पालिकाले यस बर्षमा खाँदबारी नगरपालिका भित्र पर्ने अरूण प्रवेश मार्गको मुन्सी खोल्सी देखि छ्याङकुटीसम्मको सडकको लगत कट्टा गर्नको लागि कोशी सडक जग्गा लगतकट्टा शीर्षकमा रू. १०,००,००० बजेट विनियोजित भएको र अन्य शीर्षकबाट समेत थप गरी रू. १४,८७,७९३ खर्च गरेको देखिन्छ । गत बर्षकै कार्यक्रमको निरन्तरता स्वरू.प यस बर्ष पनि पालिकाको संयोजनमा मालपोत र नापी कार्यालय, खाँदबारीको कर्मचारीलाई अतिरिक्त समय कार्य गरे वापत निम्नानुसार मिति र दरमा अतिरिक्त समयको भत्ता तथा खाजा खाना बापत भुक्तानी गरेको छ । सो सम्बन्धमा देखिएको वेहोरा निम्नानुसार छन्ः-

६१.१ **कर दाखिला हुनुपर्ने**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **१९९,८९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६१.२ **सुधार हुनुपर्ने** - विभिन्न समयमा उक्त कार्यमा खटिएका कर्मचारीहरूलाई खाजा तथा खाना खुवाएको भनि यस पालिकाको कर्मचारी मुना राईलाई रू. ५,९५,९५० भुक्तानी गरेको देखिन्छ । सो खाजा खाना सम्बन्धमा कर्मचारीहरूको संख्या तथा दर स्पष्ट रूपमा नगरपालिकाको निर्णय अनुसार कति भन्ने नखुलेको र उक्त भुक्तानी कर्मचारीको खाता तथा खाजा खाना खुवाउने होटलमा बैंकिङ्ग कारोबार मार्फत भुक्तानी नगरी हस्ते मार्फत भुक्तानी गरेको देखिन्छ । यस्तो रकमबाट कुन कुन कर्मचारीलाई के कति दिनको लागि भुक्तानी भएको हो यकिन गर्न सकिएन । आगामी दिनमा यस्तो कार्यमा सुधार हुनुपर्दछ।

६२ **तार जाली खरिद**

**नगरपालिका चालु** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यबस्था छ ।पालिकाले गो.भौ.न.३५७।२०८१।९।२८ बाट रू.४४२००० को तार जाली खरिद गरी भुक्तानी गरेको देखिन्छ । श्रेस्ता परीक्षणको क्रममा यसरी खरिद भएको तारजालीको आवस्यकता पहिचान सहित माग भएको देखिएन । खरिद पश्चात पनि उक्त तार जालिको ल्याव टेस्टको प्रमाण, हस्तान्तरण तथा प्रयोग भएको जनाउने कुनै पनि कागजात पेश भएन ।अतः उल्लेखित कागजात पेश गरी खर्च गरिनुको औचित्य पुष्टी गर्ने प्रमाण पेश हुनुपर्दछ।

| खर्च शीर्षक | सामानको स्पेशिफिकेशन | दर रेट | परिमाण | मुल्य | सप्लायर्स | कैफियत |
|---|---|---|---|---|---|---|
| विपद व्यवस्थापन | मेशिनबाट बुनेको ह्याभिकोटेड ग्याबियन बक्स | | | | जनरल स्टोर्स एण्ड सप्लायर्स खाँदबारी १ | ल्याव टेस्टको प्रेमाण र हस्तान्तरण नभएको एवं प्रयोग भएको नदेखिएको। तारजालीको आवस्यकता पहिचान सहित माग भएको नदेखिएको । |
| | 2*1*1 | २६० | ११००sq/m | २८६००० | | |
| | 1.5*1*1 | २६० | ६००sq/m | १५६००० | | |
| जम्मा | | | | ४४२००० | | |

| प्रमाण पेश नगरेको | ४,४२,००० |
|---|---|

६३ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेशबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ भन्ने व्यहोरा उल्लेख छ। वितरणमूखी अनुत्पादक खर्चलाई निरूत्साहित गरी अधिकतम प्रतिफल दिने गरी सीमित स्रोतसाधनको उच्चतम उपयोग सुनिश्चित हुनुपर्ने उल्लेख छ । यो वर्ष पालिकाले देहाय अनुसारका केही कार्यक्रमहरू सञ्चालनका लागि गरेको भुक्तानी ऐनको उल्लिखित व्यवस्था अनुसार उपलब्धिमुलक भएको देखिएन ।अतः यस्तो खर्च नियन्त्रण गरी उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु पर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ६३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

## ६४ शिक्षा तर्फ

शिक्षा तर्फ देखिएका वेहोराहरु देहायबमोजिम छन्

६४.१ **सामाजिक तथा आर्थिक लेखापरीक्षण -** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयहरुलाई रू. १०,००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रू. १५,००० अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित ३० वटा सामुदायिक विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि अनुदान रकम निकासा दिएको मध्ये देहायका विद्यालयहरुले यस वर्षको आर्थिक लेखापरीक्षण गराई प्रतिवेदन पालिकामा पेश नगरेकोले प्रतिवेदन हुनुपर्दछ।

| बिद्यालयको नाम | रकम |
|---|---|
| मंगलादेवी मा. वि . तीनपोखरी | १५००० |
| भद्रकाली आ. वि . चेवाबेसी | १०००० |
| पद्यमकन्या आ. वि . डाँडापाखा | १०००० |
| इन्द्रेणी आ. वि | १०००० |
| जम्मा | ४५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,००० |

६४.२ **पाठ्यपुस्तक बढी निकासा**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रू **३,६५४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६४.३ **कक्षा ८ को परिक्षा संचालन -** गो.भौ.न.-१९१- २०८१।०२।१८ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप न. २.७.१३.३०२ मा कक्षा ८ को परिक्षा संचालन गर्दा प्रति विद्यार्थि रू. २७५ ले ९७० विद्यार्थिको लागी रु. २,६६,७५० खर्च गर्न सकिने उल्लेख भएकोमा रू. ३,१२,८८५ खर्च गरेकोले बढी भएको खर्च नियमसम्मत देखिएन।

| | |
|---|---|
| अनियमित भएको | ३,१२,८८५ |

६४.४ **निरीक्षण अनुगमन प्रतिवेदन -** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७ को ६ मा स्थानीय तहले विद्यालयमा संघ, प्रदेश र स्थानीय तह तथा विभिन्न सङ्घ संस्था र निकायबाट विभिन्न शीर्षकहरूमा गरिएको निकासा कार्यान्वियनको अवस्था अनुगमन गर्न सम्बन्धित विषयगत/ प्राविधिक/ सरोकारवालाहरूको सहभागितामा अनुगमन गर्ने पर्ने र हरेक शिक्षा विकास तथा समन्वय इकाइले सङ्घीय सरकारबाट स्थानीय तह मार्फत् शशर्त अनुदानका रूपमा वितीय हस्तान्तरण भई सञ्चालन भएका दिवाखाजा कार्यक्रम, पाठ्यपुस्तकको वितरण, छात्रवृत्ति वितरण, शिक्षण सिकाइ अनुदान, भौतिक पूर्वाधार निर्माण लगायतका समग्र कार्यक्रमको जिल्ला भित्रको कार्यान्वियनको अवस्थाको अनुगमन गरी यस सम्वन्धी प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा नियमितरूपमा पठाउनु पर्ने उल्लेख भएकोमा स्थानिय तहले केही वाद्यालयको मात्र अनुगमनको प्रति पेश गरेको पाइयो ।कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार अनुगमनको प्रतिवेदन पेश गरी देखीएका कमी कमजोरीको लेखाजोखा गरी सुधारको प्रयास गर्नु पर्दछ ।

६४.५

**निकासा अभिलेख खाता** - नगरपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नुपूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन । दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी सोको अभिलेख व्यवस्थित रुपमा राख्नुपर्दछ।

६४.६ **स्थानीय शिक्षक** - स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहका सामुदायीक विद्यालयमा रहेका शिक्षकहरुको तलब भत्ता शर्शत शिक्षा तर्फ वजेट व्यवस्था गरी स्वीकृत दरवन्दी अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले पालिका चालु शिर्षकबाट उ.मा. शिक्षक १ को रु. ६,३३,५८१ मा.बि. ४ शिक्षकको रु. २२,७१,८२८ नि.मा. ४ शिक्षकको रु. १८,०५,९६० समेत रु. ४७,११,३६९ खर्च भएको छ । विद्यार्थी सङ्ख्या कम भएका विद्यालय एक आपसमा गाभ्ने कार्य तथा शिक्षक दरबन्दी समायोजन नगरी पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका विद्यालयलयहरुलाई यस प्रकारको खर्च अनियमित भएको भनि गत विगतमा समेत बेरुजु औल्याएकोमा यस पटक पनि सुधार भएको पाईएन । साथै वडा कार्यालयको सिफारिशमा देहायका वडाहरु वडा शिक्षक नियुक्ती गरि देहाय बमोजिमको रु. ५,९९,१०० खर्चलेखेको पाईयो । यसरी दरबन्दी स्विकृत नभएका विद्यालयहरुमा स्थानीय तथा वडा शिक्षक नियुक्ती गरि भएको खर्च रु. ५३,१०,४६९ नियमसम्मत देखिएन।

| विद्यालयको नाम | वडा नं. | शिक्षक संख्या | भूक्तानी रकम |
|---|---|---|---|
| जालपा मा.बि.चेवा | २ | १ | १२५००० |
| भद्रकाली आ. वि. चेवावेसी | २ | १ | १५०००० |
| लक्ष्मी आ.वि गुवावारीमा | ३ | १ | १९९१०० |
| श्री हिमालय मा.बि.आंला | ११ | १ | १२५००० |
| जम्मा | | | ५९९१०० |

| | |
|---|---|
| अनियमित भएको | ५३,१०,४६९ |

६४.७ **शिक्षक दरबन्दी र पदपूर्ति** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत ४१ वटा बाल विकास केन्द्र, २० वटा आधारभूत विद्यालय, १३ वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन। सञ्चालनमा रहेका ३३ विद्यालयहरुमा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ।

| **तह** | **दरबन्दी संख्या** | **पदपूर्ति** | | | | | **विद्यार्थी संख्या** | **विद्यार्थी शिक्षक अनुपात** |
|---|---|---|---|---|---|---|---|---|
| | | **स्थायी** | **राहत** | **करार** | **अनुदान** | **जम्मा** | **२०८१** | |
| प्राथमिक शिक्षक | १८९ | १६९ | १५ | ३ | २ | १८९ | ३३७६ | १:१७ |
| निम्न माध्यमिक शिक्षक | ५३ | ३६ | ७ | २ | ४ | ५३ | २१९१ | १:४१ |
| माध्यमिक शिक्षक | ६२ | ३४ | १० | ४ | १४ | ६२ | १६१५ | १:२६ |
| उच्च माध्यमिक शिक्षक | १२ | ०० | ०० | ११ | १ | १२ | ७२८ | १:६० |
| प्राविधिक धार | ८ | ०० | ०० | ८ | ०० | ८ | ११९ | १:१५ |
| **जम्मा** | **३२४** | **२३९** | **२७१** | **२८** | **२१** | **३२४** | **८०२९** | |

६४.८ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २१८५ जना रहेका छन । पालिकाले जस्मिन हाइजिन प्रोडक्ट प्रा.लि.बाट ४४६८२ थान स्यानिटरी प्याड रु. ९३८११६ (मु.अ.कर समेत) मा खरिद गरेको छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

६४.९ **छात्र बृत्ति कार्यक्रम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।

६४.१० **प्रतिविद्यार्थी लगानी** - पालिकाले यस आर्थिक वर्षमा शिक्षक, विद्यालय सहायक कर्मचारी, बाल विकास सहज कर्ता र विद्यालय सहयोगीको तलब भत्ता समेतमा रु. २०,४१,४०,००० दिवा खाजामा रु. ७८,९५,०००, पाठ्यपुस्तकमा रु. १४,६०,००० छात्राबृत्तिमा रु.१५,५५,००० अन्य खर्च रु. ३,०६,३२,१९२ समेत सशर्त शीर्षकमा रु. २४,५६,८२,१९२ र पालिका चालुबाट रु.१,३८,११,०७५ गरी जम्मा रु. २५,९४,९३,२६७ खर्च गरेको छ । पालिकाको शैक्षिक सत्र २०८१ मा ८०२९ जना विद्यार्थी अध्ययन गर्ने देखिएकोले प्रति विद्यार्थी रु.३२,३१९ लगानी भएको देखिन्छ । पालिकाले लगानी बमोजिम उपलब्धीमा जोड दिनुपर्दछ।

६४.११ **विद्यालय सुधार योजना** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको विद्यालय सुधार योजना गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयहरुलाई रू.१५,०००।- र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रू.२०,००० अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुलाई विद्यालय सुधार योजनाको लागि अनुदान रकम निकासा दिएकोमा देहायका विद्यालयहरुले यस वर्षको विद्यालय सुधार योजना प्रतिवेदन पेश गरेको पाईएन । सोहि बमोजिम प्रतिवेदन पेश हुनुपर्दछ।

| | |
|---|---|
| सिद्घकाली आवी स्याम्दाङ्गगाँउ | १५००० |
| पद्यमकन्या आवि डाँडापाखा | १०००० |
| जनचाहना आवी बेलडाँडा | १५००० |
| इन्द्रेणी आवी सम्ले | १५००० |
| जम्मा | ६०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,००० |

६४.१२ **निशुल्क पाठ्यपुस्तक** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ अनुसार प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान दिने व्यावस्था रहेको छ । यसरि अनुदान उपलब्ध गराउदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी पाठ्यपुस्तकको सङ्ख्या यकिन गरेर मात्र पहिलो पटकमा ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले विभिन्न विद्यालयहरुलाई रु.१४६०००० रकम निकाशा गरेकोमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन नगराएको, पहिलो पटक निकाशा गरेपश्चात २५ प्रतिशत

दोस्रो निकाशा गर्दा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा मात्र गर्नुपर्नेमा सोझै निकाशा गरेकोले वास्तविक निकाशा खर्च यकिन हुन सकिएन ।

६४.१३ **दिवा खाजा** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.११.१ अनुसार प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्मो विद्यार्थी संख्याको आधारमा वार्षिक १८० दिनका लागि प्रति विद्यार्थी रु १५ को दरले रकम निकाशा गर्नुपर्ने व्यवस्था रहेको छ । यसरि रकम निकाशा गर्दा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधिको छनोट गर्नुपर्ने, IEMIS मा रहेको विद्यार्थी संख्या यकिन गर्नुपर्ने, पछिल्लो त्रैमासिकमा रकम निकाशा गर्दा भौतिक रुपमा पूरा कक्षा चलेको दिनलाई प्रधानध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यावस्था रहेको छ ।कार्यालयले विभिन्न २७ सामुदायिक विद्यालयहरुलाई वर्षभरि विद्यालय चलेको दिन यकिन नगरी विभिन्न मितीमा दिवा खाजा बापतको रकम निकाशा गरेको छ । सम्पूर्ण विद्यालयका सम्पूर्ण विद्यार्थीहरुलाई प्रमाणित हाजिर र विद्यार्थी संख्या यकिन बेगर एकमुष्ठ रकम निकाशा गरेको औचित्यपूर्ण देखिदैन । कार्यालयले यस वर्ष विभिन्न ३३ विद्यालयहरुलाई दिवा खाजा निकाशा दिदाँ तोकिएका मापदण्डहरु पुरा भएको अवस्था बेगर रकम निकाशा गरेको पाईएकोले कानुन तथा निर्देशिकाको पालना गरि दिवा खाजा रकम निकाशा गर्नुपर्दछ । कार्यालयले IEMIS मा रहेको विद्यार्थी संख्या पुन यकिन गरि, बास्तविक विद्यार्थी संख्यालाई शिक्षा अधिकृतबाट सत्यापन गराई, भौतिक रुपमा पूरा कक्षा चलेको दिनलाई प्रधानध्यापक र वि. व्य. स. अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई, स्थानिय तहमा संकलन गरी, संख्या यकिन गरि बिद्यार्थी उपस्थितिको दिन गणना गरेर मात्र दिवा खाजा निकाशा गर्नुपर्दछ । यस सम्बन्धमा निकाशा भएको रकम कार्यालयले पुन: यकिन गरि बढी निकाशा भएमा बढि भएको रकम असुल गर्नुपर्दछ ।

६४.१४ **शिक्षकको पारिश्रमिक कर** - आयकर ऐन २०५८ को दफा ८९ ले अनुसुचि १ वमोजिमको वार्षिक आयको गणना गरी पारीश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले विभिन्न विद्यालयका शिक्षकहरुको तलब, भत्ता निकाशा गर्दा बार्षिक रुपमा लाग्ने पारिश्रमिक करको विवरण पेश गरेको छैन् , सम्पूर्ण विद्यालयहरुबाट बार्षिक लेखापरिक्षण प्रतिवेदन समेत प्राप्त नभएकोले सम्बन्धित विद्यालयहरुबाट शिक्षकहरुको पारिश्रमिक कर कट्टा भए नभएको बारेमा यकिन हुन सकिएन । पालिकाले यस सम्बन्धमा यकिन गरि पारिश्रमिक कर कट्टा नभएमा असुल गरि संघिय संचितकोष दाखिला हुनुपर्दछ ।

६४.१५ **संघिय अनुदानबाट खर्च लेखेको** - ७५-२०८१।९।२५ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को विभिन्न क्रियाकलापहरुमा सामुदायीक सिकाइ केन्द्रको कर्मचारी, बाल शिक्षक, यु डव्लुएस र प्रदेश सँगको साझेदारी, सामाजिक परिचालक, अग्रेजि गणीत विज्ञान मावि, अग्रेजि गणीत विज्ञान निमावीलाई संघिय सरकारबाट तोकिए बमोजिम र बाँकी नपुग स्थानिय तहबाट ब्यहोर्ने उल्लेख छ । पालिकाले माघ फागुन चैत्रमा संघिय अनुदान भौचर नं १३०-२०८१।१२।७ बाट रु. ५२,०८,८६३ भुक्तानी भएको अवस्थाम बाँकी रकम देहाय अनुसारको खर्च स्थानीयतहबाट लेख्नु पर्ने रकम संघिय अनुदानबाट खर्च लेखेको पाइएकोले उक्त रकम असुल गरी संघीय राजश्वमा दाखिला हुनुपर्दछ।

| कर्मचारी | बालशिक्षक | यु डव्लुएस र प्रदेश सँगको साझेदारी | सामाजिक परिचालक | अग्रेजि गणीत विज्ञान मावि शिक्षक | अग्रेजि गणीत विज्ञान निमावी शिक्षक | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| ९९४५०० | ९५१००० | ७७०६७ | ७५००० | ५९०५९७ | ४१६७६० | ३१०४९२४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,०४,९२४ |

६५ **खाँदबारी रंगशाला स्तरोन्नती उपभोक्ता मार्फत**

खाँदबारी रंगशाला निर्माण कार्यको लागि रू. १,९९,८४,२९१(पि.एस. र भ्याट समेत) को लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ई-बिड मार्फत कम कबोल गर्ने निर्माण व्यबसायी एन.डि.ईन्जिनियरिङ्ग एण्ड बिल्डर्स प्रा.ली., काठमाण्डौसंग मिति २०८२।२।३० मा सम्पन्न गर्ने गरी रू. १,४४,५५,३५६.६३( पि.एस. र भ्याट समेत) मिति २०८१।१२।२१ मा

संझौता भएको देखिन्छ । उक्त संझौता बमोजिम पेश्की, पहिलो र दोस्रो रनिङ्ग बिल समेत गरी जम्मा रू. ८६,३४,७९६ भुक्तानी सहित म्याद थप गरी निर्माण कार्य सञ्चालन अवस्थामा रहेको देखिन्छ । खाँदबारी नगरपालिकाले वडा ७ मा रंगशाला स्तरउन्नती कार्यका लागि नगरपालिकाबाट रू. १५,००,००० बजेट विनियोजन गरी उपभोक्ता समिति मार्फत कार्य गराउन रू. १६,६७,६७६.३९ (जनश्रमदान समेत) लागत अनुमान तयार गरी सोही बमोजिम कार्य गराई खाँदबारी रंगशाला स्तरउन्नती उपभोक्ता समितिलाई नापी, मुल्यांकनका आधारमा उपभोक्ता समितिको अंश बाहेक रू. १४,९४,१६९ भुक्तानी गरेको देखिन्छ । ठेक्का मार्फत हुदै गरको कार्यमा पुनः सोही ठाउमा उपभोक्ता समिति मार्फत कार्य भएको देखिन्छ, कार्य प्रकृति समेत एकै किसिमको हुदा कार्य फरक फरक भएको सम्बन्धमा एकिन हुन सकिएन, जस्तैः- All type soil cutting, pcc 1:2:4, M15 plum concrete जस्ता कार्यहरु रहेका छन् । तर्सथ एकै ठाउँमा दोहोरो हुने गरी एकै प्रकृतिका कार्य गरेको सम्बन्धमा फरक फरक कार्य भएको हो भन्ने एकिन हुन नसकेकोले उक्त कार्यलाई पुष्टाई हुने प्रमाण पेश हुनुपर्दछ।

६६ **सभाहल माटो परीक्षण**

नगरपालिका पुंजीगत- सार्वजनिक बजेटको पुर्ण उपयोग तथा मितव्ययीता तरिकाले खर्च गर्नुपर्दछ । पालिकाले यस आर्थिक बर्षमा सभाहल निर्माणका लागि माटो परीक्षण कार्य गरेको भनी पेसो कन्सल्ट्यान्स प्रा.ली., काठमाण्डौलाई रू. ३,७९,००२ भुक्तानी दिएको देखिन्छ । पालिकाले अघिल्लो आर्थिक बर्षमा गो.भौ.न.१०७।०८०।११।१७ बाट सभाहल निर्माणको लागि डि.पि.आर तयार गरी फाइन डिजाइन एसोसिएट्स प्रा.ली.लाई रू. ८,५८,००० भुक्तानी दिएको छ । सो कार्यको लागि डि.पि.आर तयार भई सकेको अवस्थामा पुनः माटो परिक्षण गर्नुपर्ने कारण पुष्टाई बेगर एउटै कार्यका लागि अघिल्लो बर्ष डि.पि.आर तयार गरेकोमा यस बर्ष पुनः माटो परीक्षण भनी रू. ३,७९,००२ खर्च लेख्ने कार्य नियमसम्मत देखिएन।

| | |
|---|---|
| अनियमित भएको | ३,७९,००२ |

६७ **सवारी साधन खरिद**

**नगरपालिका पुजीगत-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा अन्य अनुदानको रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन ।अर्थ मन्त्रालयको स्थानीय तहबाट बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यबस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं.५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराएको बजेट तथा स्रोत तोकिएको कार्यमा खर्च गर्ने र सवारी साधन खरिद गर्न नहुने उल्लेख छ ।कार्यालयले यस बर्ष निम्न अनुसार रू. १९,०२,७०० को सवारी साधन खरिद गर्दा उल्लेखित व्यवस्थाको पालना नगरी खर्च गरेको रकम नियमसम्मत देखिएन।

| गो.भा.न.\मिति | फर्मको नाम | साधन | विवरण | रकम |
|---|---|---|---|---|
| १३८।०८२।१।११ | श्री गणेश अनन्त ट्रेडर्स, खाँदबारी | XR Honda | १ थान | ७९८९०० |
| | | Dio Scooter | १ थान | ३०४९०० |
| २०५।०८२।२।१९ | श्री गणेश अनन्त ट्रेडर्स, खाँदबारी | XR Honda | १ थान | ७९८९०० |
| जम्मा | | | | १९०२७०० |

| | |
|---|---|
| अनियमित भएको | १९,०२,७०० |

६८ **ईलेक्ट्रोनिक सामान खरिद**

नगरपालिका पुजीगत- सार्वजनकि खरिद ऐन, २०६३ को दफा ८ बमोजमि प्रतिस्पर्धा सीमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनकि खरिद नियमावलीमा रु. १० लाख सम्मको खरीद कार्य सोझै, सो भन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथिको खरीद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले प्रचलित कानुनी व्यवस्थाको पालना नगरी एउटै प्रकृतिको खरिदलाई निम्नानुसार टुक्रापारी गरेको खरिद कारबाही नियमसम्मत देखिएन ।

| गो.भा.न.\मिति | विवरण | संख्या(थान) | भुक्तानीकर्ता | रकम |
|---|---|---|---|---|
| २३।०८१।७।११ | ल्यापटप Core i7 | १ | बज्रचार्य सप्लायर्स, खाँदबारी | २१०९३३ |
| | डेस्कटप कम्प्युटर | १ | | ९९४४० |
| २४।०८१।७।११ | प्रिन्टर लगायत अन्य | १ | बज्रचार्य सप्लायर्स, खाँदबारी | ९७५११ |
| ८६।०८१।१२।७ | सि.सि.टि.भि तथा एलईटी डिस्पेले खरिद | ५\१ | बज्रचार्य सप्लायर्स, खाँदबारी | १४९९९८ |
| ८८।०८१।१२।७ | प्रोजेक्टर खरिद | १ | बज्रचार्य सप्लायर्स, खाँदबारी | ६९९४७ |
| १३६।०८२।१।८ | फिङ्गर प्रिन्ट डिभाईस खरिद | १५ | बज्रचार्य सप्लायर्स, खाँदबारी | २०२५०० |
| २५७।०८२।३।५ | ल्यापटप Core i5 | ६ | मेगाटेक सोलुसन प्रा.ली., बिराटनगर | ७००६०० |
| | मोनिटर खरिद | ५ | | |
| २९८।०८३।३।१७ | ल्यापटप Core i5,Printer, smart phone, LED TV | १\१ | कम्प्युटर्स होम एण्ड सप्लायर्स, खाँदबारी | ३७४९३४ |
| ३२९।०८२।३।१९ | प्रिन्टर लगायत अन्य सामाग्री | २ | कम्प्युटर्स होम एण्ड सप्लायर्स, खाँदबारी | ८३६२० |
| ३४८।०८२।३।२२ | स्पिकर खरिद | २ | कम्प्युटर्स होम एण्ड सप्लायर्स, खाँदबारी | १९९८९७ |
| ३६०।०८२।३।२३ | A5 मोबाइल खरिद | १ | नमस्कार ईलेक्ट्रोनिक्स पसल | ६६००० |
| ३७३।३।२३ | Samsung A35 मोबाइल खरिद | १ | शुभम ट्रेडर्स, खाँदबारी | ३४९९६ |
| जम्मा | | | | २२९०३७६ |

| | |
|---|---|
| अनियमित भएको | २२,९०,३७६ |

## ६९ सार्वजनिक निर्माण व्यवस्थापन

६९.१ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

६९.२ **ठेक्का व्यवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रू.पमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २५.७८ देखि ४२.२६ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समानै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

| क्र.स. | ठेक्का नं | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | लागत अनुमान रकम | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | KMO/NCB/WORKS/01/081/082 | Construction of R.V.T. and pipeline works of Arun Nadi Dholbaja Lift Water Supply Project. | श्री Sajila/ Mangaladevi J.V.,खाँदबारी-१, संखुवासभा । | 19930224.73 | 11505926.5 | 42.26 |
| २ | KMO/NCB/WORKS/02/081/082 | Construction of Civil Works of Tumlingtar Bus Park. | श्री Seknepeden Builders Pvt.Ltd.,भोटखोला, संखुवासभा | 4865733.319 | 3249325.34 | 33.22 |
| ३ | KMO/NCB/WORKS/04/081/08 | Pipalbot- Majhagaun- Dhunganagaun- Chisapani Road Upgrading Works | श्री Siddheshwori Nirman Sewa , खाँदबारी-७, संखुवासभा । | 19930224.73 | 11505926.5 | 42.26 |
| ४ | KMO/NCB/WORKS/07/081/082 | Construction of Khandbari Rangashala | श्री ND Engineering and Builders Pvt.Ltd, काठमाण्डौ । | 19477102.73 | 14455356.63 | 25.78 |
| ५ | KMO/NCB/GOODS/01/081/082 | Procurement of sanitary Pad for Community Schools | श्री Jasmine Hygiene Products Pvt. Ltd., मोरङ । | 19930224.73 | 11505926.5 | 42.26 |
| ६ | KMO/SQN/GOODS/03/081/082 | PROCUREMENT OF MEDICINES FOR HEALTH POSTS IN KHANDBARI MUNICIPALITY. | श्री Shankara Concern Pvt Ltd.,सुनसरी । | 19930224.73 | 11505926.5 | 42.268 |
| ७ | KMO/NCB/WORKS/7/080/081 | Rehabilitation of Water Supply Transmission Line of Mansima Water Supply Project | श्री Samata/Abs/Pryan J/V.,ललितपुर । | 88397334.05 | 64756608.48 | 26.74 |

६९.३ **अधुरा ठेक्का** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा खरिद सम्झौता अनुसारको काम र प्रगती नगरेमा खरिद सम्झौता अन्त्य गरि खरिद नियमावलीको नियम १२८ अनुसार पूर्व निर्धारित क्षतिपूर्ती लगाउने, खरिदकर्ताको प्रतिस्थापन गर्ने, कार्य सम्पनन जमानी प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराई दफा ६३ अनुसार कालो सुचीमा राख्न लेखि पठाउने समेतका कारवाहीहरू गर्ने व्यवस्थाहरू छन । गत बिगत बर्षहरू र यस बर्ष बिभिन्न निर्माण कामहरू गर्नको लागि प्रतिस्पर्धाबाट छनौट भएका निर्माण ब्यबसायीहरू र गाउँपालिका बिच भएको सम्झौता भएकोमा निर्माण ब्यबसायीहरूले प्रचलित कानून र सम्झौताको शर्त बमोजिम काम नगर्ने तथा निर्माण काम अधुरो राख्ने गरेको पाइयो ।अधुरा ठेक्काहरूका हकमा केहि ठेक्कामा कारवाहीको प्रक्रिया शुरू गरेको र केहिमा कारबाहि नगरेको कारण ठेक्काको कामबाट प्राप्त हुनु पर्ने सेवा प्राप्त हुन नसकेको अवस्था उत्पन्न भएकोले उपरोक्त अधुरा ठेक्काहरूलाई उल्लेखित कारवाहीलाई कार्यान्वयन गरि ठेक्का खरिद सम्झौतालाई समयमै टुङ्गयाई फरफारक गरि यस्ता निर्माण ब्यबसायीहरू.लाई कालोसूचीमा राख्न लेखिपठाउनु पर्दछ । देहायका ठेक्काहरूको सम्बन्धमा देखिएका ब्यहोराहरू निम्नानुसार रहेका छन् ।

**(विस्तृत विवरण बेरूजु दफा ६९.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६९.४ **परामर्श सेवा खरिद** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरू.योजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै

रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू. कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन। पालिकाले आवश्यकताको पहिचानको आधारमामात्र डि.पी.आर. तथा अन्य बिषयगत प्रतिबेदन र सफ्टवेयर तयार गर्ने साथै आवश्यकता बेगर डि.पी.आर, अन्य सामाजिक प्रभाव अध्ययन प्रतिबेदन तथा सफ्टवेयर बनाउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ६९.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६९.५ **प्राकृतिक श्रोतको रोयल्टी -** कोशी प्रदेश आर्थिक ऐन-२०८० को दफा ७(१), अनुसुचि-५ बमोजिम पालिकाले प्रदेश सरकारले तोकेको ढुङ्गा, गिट्टीको लागि रू.७ प्रति घन फिट र बालुवा लगायतका निर्माण समाग्रीमा रू.६ प्रति घन फिटको का दरले रोयल्टी असुल गर्नु पर्नेमा गरेको पाईएन। कार्यालयले ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट लागयतका स्थानीय निर्माण सामग्रीहरूको रोयल्टी संकलनका लागि सबै श्रोतहरूमा ठेक्का लगाएको छैन । विभिन्न योजनाहरूमा स्थानीय खोलानाला र खानीहरूबाट संकलन गरिएको निर्माण सामग्री प्रयोग गरेको पाईएको हुँदा सो बापतको रोयल्टी रकम गणना गरी असुल गर्नु पर्नेमा गरेको पाईएन । पालिकाबाट विभिन्न योजनामा प्रयोग भएको निर्माण सामग्री बापतको रोयल्टी रकम एकिन गरी असल गर्नु पर्दछ।

६९.६ **प्रशासकीय भवन निर्माण -** पालिकाको प्रशासकीय भवन निर्माण रू. १३,२१,९६,९६७.११ (मू.अ.कर समेत) को लागत अनुमान स्विकृत गरि २०७८।९।२३ मा सूचना प्रकाशन गरेकोमा ९ वटा वोलपत्र दाता मध्ये पि.एस.अरूण बरूण जे.भी. खाँदबारीको सवैभन्दा घटी रू. ६,३८,३०,१०८ संग मिति २०८१।५।३० सम्म सम्पन्न गर्ने गरि मिति २०७८।१२।२२ मा सम्झौता भएको छ । भवनको निर्माणस्थल वरिपरिको जमिन धस्किएकोले बढी माटो काट्नु पर्ने भनि मिति २०७९।८।२५ मा पहिलो भेरियसन भई रू. ८,००,७३,४९६.७४ कायम भई रू. ७२४०५४४.४२ अर्थात ९.९४ प्रतिशतले बृद्धि भएको तथा मिति २०८१।२।२२ मा भएको दोस्रो भेरियसनले ठेक अंक रू. ८,१३,४४,८३५.९२ कायम भई रू. ८५,११,८८३.६० भई ११.६९ प्रतिशतले भएको छ । बिभिन्न ५ वटा रनिङ बिलबाट रू. १,२३,८०,००० पेश्की समेत गरि रू. ८,६४,५१,९५२ को बिल पेश भएकोमा रू. ८,५८,७८,५४२ भूक्तानी भई रू. ५७३४१० भूक्तानी बाँकी रहेको उल्लेख छ।

७० **माङसिमा खानेपानी ट्रान्समिसन लाइन पुर्नस्थापना**

उत्तर दक्षिण (कोशी) सडक योजनाको सडक निर्माण तथा सडक संरचना निर्माणाधिन अवस्थामा रहेकोले सडक निर्माण तथा विस्तारका कारण मांसिमा खानेपानी आयोजनाको पाइपलाइनहरूको पुनर्स्थापना एवं मर्मत कार्य गर्न उत्तर दक्षिण कोशी सडक योजना र खाँदबारी नगरपालिका बीच लागत अनुमान रू.९९५८७१६६.५५ रनिङ बिलको आधारमा भूक्तानी गर्दै जाने गरि मिति २०८१।२।३२ मा सम्झौता भएको छ । सम्झौता पश्चयात खाँदबारी नगरपालिकाले सो कार्यको लागत अनुमान रू.९,९१,३६,४८५ (मू.अ.कर समेत) स्विकृत गरि मिति २०८१।३।१३ मा बोलपत्रको सूचना प्रकाशन गरिएकोमा ६ वटा वोलपत्रदाताले पेश गरेकोमध्ये समता/ ए.वि.ए/प्रयान जे.भी.को रू. ५५७८७२२(मू.अ.कर र पि.एस.बाहेक) ठेक्का मिति २०८२।१२।१६ मा सम्पन्न गर्ने गरि २०८१।६।१६ मा सम्झौता भएको छ । विभिन्न मितिमा सडक योजनाले मिति २०८१।९।२१मा पेश्की रकम रू. ५५,७५,००० मिति २०८२।१।८ मा रू. १,००,००,००० मिति २०८२।३।१३ मा रू. १,५०,००,००० र मिति २०८२।३।२६ मा २,०७,८३,४८७ गरि जम्मा रू. ५,१३,५८,४८७ प्राप्त भएकोमा बिभिन्न मितिका २ रनिङ बिलबाट रू. ४,६३,५८,४८७ रकम भूक्तानी भएको छ । रू. ५०,००,००० नगरपालिकाको बिबिध कोष खातामा रहेको देखिन्छ । उक्त योजनाको लागि गरिएको बिमाको अवधि २०८२।१२।१२ सम्म रहेकोले ठेक्का म्यादको डि.एल.पि.अवधि २०८३।१२।१६ बिमाले समेटेको देखिएन । यस सम्बन्धमा देखिएका थप व्यहोराहरूः-

· सम्झौतामा खाँदबारी किमाथांका जोडने राष्ट्रिय राजमार्गको रेखांकनमा पर्ने पाइपलाईनको मात्र स्थानान्तरण एवं पुनर्थापना समेटिएकोले बाँकी अन्य क्षेत्रको काम पालिकाबाट छुट्टै स्रोतको व्यवस्था गरि संचालन गर्नु पर्ने उल्लेख छ। सो अनुरूप हुनु पर्दछ।

· सडक आयोजनाबाट प्राप्त हुनुपर्ने रनिङ बिल बमोजिमको रकम समयमै प्राप्त भएको छैन । सम्झौता बमोजिम हुनु पर्दछ ।

· उल्लिखित कार्य अन्य कुनै निकायबाट दोहोरो नपर्ने गरि गर्नु पर्दछ।

७१ **जिन्सी ( PAMS ) दाखिला**

**प्रदेश सशर्त-** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्त्रण भई, कुनै बस्तुगत सहायत वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको बिवरण र मूल्य समेत खुलाई सम्पती तथा जिन्सी खातामा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गरी राख्नुपर्ने कानुनी ब्यबस्था रहेको छ । पालिकाले गो.भौ.न. ३१।०८२।३।१४ बाट १४ प्रकारका व्याम सम्बन्धी सामाग्री खरिद गरी एस.पि.एन साझा इम्पेक्स, न्युरोड पोखरालाई रू.९,८७,८२३ भुक्तानी दिएको छ । सो सामाग्री खरिदका लागि खरिद आदेश तयार नगरेको तथा उक्त सामाग्री सार्वजनिक सम्पत्ति व्यबस्थपान प्रणाली(PAMS) मा जिन्सी दाखिला गरेको देखिएन । सरकारी रकमबाट खरिद गरेको सामाग्रीको खर्च भएर नजाने शीर्षकमा जिन्सी दाखिला गरी आम्दानी जनाउनु पर्ने हुन्छ । तर्सर्थ उक्त १४ प्रकारका सामाग्रीहरुको सार्वजनिक सम्पत्ति व्यबस्थपान प्रणाली (PAMS) मा जिन्सी दाखिला गरी आम्दानी जनाएको प्रमाण पेश हुनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८७,८२३ |

७२ **अरुण नदी ढोलबाजा लिफ्ट पानी आपुर्ती**

**नगरपालिका पुजीगत-** अरुण नदी ढोलबाजा लिफ्ट पानी आपुर्ति निर्माण कार्यको लागि रू.१,९९,३०,२२४.७३(पि.एस र भ्याट समेत) को लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ई बिड मार्फत कम कबोल गर्ने निर्माण व्यबसायी साजिला\मंगलादेवी जे.भी., खाँदबारीसंग मिति २०८२।२।३० मा सम्पन्न गर्ने गरी रू.१,२९,६८,६५८.४७ (पि.एस र भ्याट समेत) मिति २०८१।९।२० मा संझौता भएको देखिन्छ । उक्त संझौता बमोजिम यस आर्थिक बर्षमा ६८.४८ प्रतिशतको वित्तीय प्रगति सहितको रू. ८८,८१,२४३ भुक्तानी गरी निर्माण कार्य सम्पन्नको म्याद थप मिति २०८२।७।३० सम्मको रहेको देखिन्छ । सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः-

७२.१ **संघीय समपुरक बाँडफाँड-** केन्द्रको समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को बुदा नं. ९ सहितको अनुसुची ३ मा नेपाल सरकारले समपुरक अनुदान प्रदान गर्न सक्ने व्यबस्था गरेको छ । सो व्यबस्था बमोजिम नेपाल सरकारको तर्फबाट ५० प्रतिशत व्यहोर्ने र बांकी पालिकाको तर्फबाट खर्च लेख्नुपर्ने देखिन्छ ।सो व्यवस्था बमोजिम संघीय सरकारबाट रू.१ करोड ५० लाख बजेट विनियोजन भएको देखिन्छ । उक्त निर्माण कार्यको लागि यस आर्थिक बर्षमा रू. ८८,८१,२४३ खर्च तथा भुक्तानी भएको छ । सोको आनुपातिक रूपमा संघीय सरकारबाट रू. ४४,४०,६२१ भुक्तानी हुनुपर्नेमा रू. ४४,१३,९३० भुक्तानी भएको देखिन्छ । संघीय सरकार तर्फको बढी भुक्तानी भएको रकम रू. २६,६९१.५ संघीय सञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेश हुनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,६९१.५ |

७२.२ **बीमाको म्याद थप-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । उक्त निर्माण कार्यको वीमाको म्याद मिति २०८३।२।३०(मेन्टिनेन्स पिरियड समेत)मा सकिएको अवस्थामा म्याद थप गरेको देखिएन । कानुनमा भएको व्यबस्थाको पालना गरी बीमाको म्याद थप गरी निर्माण कार्य अघि बढाउने तर्फ ध्यादिनुपर्दछ।

७२.३ **बैंक जमानत**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रू **२,७५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७३ **अण्डरग्राउण्ड पार्किङ्ग निर्माण**

कोशी प्रदेश समपुरक- खाँदबारी नगरपालिका वडा नं. १ मा अण्डरग्राउण्ड पार्किङ्ग निर्माण कार्यको लागि रू.१,१०,३७,६८०.६२(पिए र भ्याट समेत) को लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ई बिड मार्फत कम कबोल गर्ने निर्माण व्यबसायी शेयर ईन्जिनियरिङ्ग एण्ड बिल्डर्स. सुनसरीसंग मिति २०८२।३।३० मा सम्पन्न गर्ने गरी रू. ७१९६२९८.९५(पिए र भ्याट समेत) मिति २०८१।१।३१ मा संझौता भएको देखिन्छ । उक्त संझौता बमोजिम पेश्की रकम रू. ६,२५,००० र प्रथम रनिङ्ग बिल मध्ये रू. १८,००,००० गरी जम्मा रू. २४,२५,००० भुक्तानी भएको देखिन्छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः-

७३.१ **प्रोग्राम अपडेट-** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता गर्दा खरिद सझौंताको GCC 34.3 मा निर्माण व्यवसायीले तोकिएको समयको अन्तरालमा प्रोग्राम अपडेट उपलब्ध गराउनुपर्ने र सो नगरेमा सार्वजनिक निकायले सम्झौता बमोजिमको रकम उक्त अपडेट प्राप्त नभएसम्मका लागि रोक्का राख्नुपर्ने व्यबस्था छ । कार्यालयले सञ्चालन गरेका उक्त योजनाको खरिद सम्झौतामा व्यबसायीले उक्त सम्झौताको जि.सि.सि ३४.३ को ३० दिनको प्रोग्राम अपडेट शर्त पालना गरेको देखिएन । यसबाट निर्माण कार्यको आवधिक अद्यावधिकता सम्बन्धमा योजनासँग जानकारी नहुने र तोकिएको समयमा सम्झौता बमोजिमको कार्य सम्पन्न नभएको कारण म्याद थप, मूल्य समायोजन, क्षतिपुर्ती निर्धारण तथा सम्झौता अन्यको निर्णय आधार कमजोर बन्दछ । निर्माण कार्यको अद्यावधिक अवस्था खुल्ने गरी व्यबसायीबाट प्रोग्राम अपडेट प्राप्त नभएको अवस्थामा शर्त बमोजिम रकम रोक्का राखेको पाइएन।

**पालिकाको भनाई-** निर्माण व्यबसायीले म्याद थप भएको समयअवधिभित्र निर्माण कार्य सम्पन्न गरी प्राविधि बिल तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरी योजना शाखामा पेश भएको तर पालिकाबाट बजेट अभावको कारण भुक्तानी हुन नसेकोले कार्य अधुरो देखिएको।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

७३.२ **पेश्की जमानत -** निर्माण व्यवसायीसँग भएको सम्झौतामा पेश्की लिन निर्माण व्यवसायीले शर्त रहितको बैक ग्यारेण्टी पेश गर्नु पर्ने प्रावधान अनुसार निर्माण व्यवसायीले पेश गरेकोको पेस्की जमानतको आधारमा रू. ६,२५,०००।०० पेस्की दिएको छ । उक्त पेस्की प्रथम रनिङ्ग बिलबाट पेश्की कट्टा नगरी बांकी रहेको छ । उक्त पेश्की एन.एम.बि बैंकको बैक जमानत म्याद २०८१।३।३१ मा समाप्त भै सकेको देखियो । लेखापरीक्षणको क्रममा उक्त पेस्की जमानतको म्याद थप भएको प्रमाण पेश हुन आएन । प्रथम रनिङ्ग बिल पेश भएको भन्दा कम रकम भुक्तानी गरेको कारणले जमानतको म्याद थप नभएको अवस्था देखिन्छ । अत: उक्त पेस्की रकम समयमै फर्छौट गर्ने तर्फ ध्यान दिनुपर्दछ।

### ७४ मिनि ट्रिलर खरिद

नगरपालिकाले यस आर्थिक बर्षमा कृषकहरूको माग र वडा कार्यालयको सिफारिसका आधारमा कृषहरूलाई अनुदान स्वरूप सहयोग गर्न साझेदारीका आधारमा ११० थान मिनिट्रिलर खरिद गरीमा पालिकाको तर्फबाट रू. ३३,८७,५५० र कृषकहरूको तर्फबाट रू. २४,७७,५५० गरी जम्मा रू. ५८,६५,१०० विभिन्न शीर्षकबाट खर्च भएको देखिन्छ । यस्तो खरिद सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छनः-

**१. सोझै खरिद -** सार्वजनकि खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनकि खरिद नियमावलीमा रू. १० लाख सम्मको खरीद कार्य सोझै, सो भन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथिको खरीद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले प्रचलित कानूनको पालना नगरी एउटै प्रकृतिको खरिदलाई निम्नानुसार खरिद गरेको छ। यस्तो खरिदमा उल्लिखित कानूनको पालना हुनुपर्दछ।

| क्र.स. | भौ.नं. | स्पेशिफिकेशन | दर | परिमाण | कूल लागत | पालिकाबाट भुक्तानी | सप्लायर्स | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २५२/०८१।८। २९पालिका चालू | 173 F 5.5/6 hp diesel eng.2.5 L capacity | ७०,००० | १४ | ९८०,००० | ७३५००० | सुवन सप्लायर्स धनकुटा विलनं १५/०८१। ८।१३ | ७५/२५ साझेदारी ;सुन्ताला खेती कार्यक्रम |
| २ | २८६/०८२।३। १३पालिका पूँजीगत वडा ९ | 173 F 5.5/6 hp diesel eng.3.5 L capacity Kisan brand | ५०००० | १२ | ६००००० | ३००००० | न्यू विराट एग्रोमार्ट सुन्दर हरैंचा विल नं २३०/०८२। २।३० | ५०/५० साझेदारी |
| ३ | ५६१/०८१।१२।२१ पालिका चालू | 173 F, 6 hp, diesel engine 3.5L capacity farmer brand | ६०००० | १३ | ७८०००० | ६००००० | अनु आइरन स्टोर खाँदबारी विल नं 3B-1122 / ०८१।१२। २१ | ७५/२५ साझेदारी भनिएकोमा पालिकाबाट १५००० बढी भुक्तानी भएको |
| ४ | ६२०/०८२।१।८ वडानं १० चालू | 173 F 6 hp diesel eng.3.5L capacity Kisan brand | ५३३०० | १३ | ६९२९०० | ३४६४५० | सम्बृद्धी ट्रेड एणड सप्लायर्स सुन्दर हरैंचा विल नं३८/०८१। १२।१३ | ५०/५० साझेदारी |
| ५ | ७९८/०८२।२।२६वडानं ८कृषि कार्यक्रम | YH 173F diesel engine | ४८००० | १२ | ५७६००० | २८८००० | न्यु पुजा स्टोर खाँदबारी विलनं ९२/०८२। २।१८ | ५०/५० साझेदारी |
| ६ | ११३१/०८२।३।२२चालुर ३४४/०८२।३।२२ पूँजीगतवडा नं ११ | 173 F, 6 hp, diesel engine | ४८००० | १६ | ७६८००० | ३८४००० | दलगंगा स्टोर्स खाँदबारी | ५०/५० साझेदारी |
| ७ | ३१६/२०८२।३।२० सशर्त चालू | 173 F, 6 hp, diesel engine | ४८७०० | १८ | ८७६६०० | ४३८३०० | नयाँ तुलसी इञ्जिम सुन्दर हरैंचा २०८०।३। २० | ५०/५० साझेदारी |
| ८ | २६८/२०८२ ।३।२३ पालिका पूँजीगत | 173 F, 6HP diesel engine | ४९३०० | १२ | ५९१६०० | २९५८०० | श्रीकृष्ण कृषि औजार | ५०/५० साझेदारी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | सप्लायर्स धनकुटा | |
| | | | | ११० | ५८६५१०० | ३३८७५५० | | |

**२. दर फरक** - ११० थान मिनिट्रिलर साझेदारीका रूपमा खरिद गरी कृषकहरूलाई अनुदान प्रदान गरेकोमा त्यस्तो खरिद गर्दा मुल्य रू. ४८,००० देखि रू. ७०,००० सम्म फरक फरक दर राखि खरिद गरेको देखिन्छ। फरक प्रकृति, स्पेशिफिकेशन तथा विशेषता भएकोले सामाग्रीको खरिद दरमा फरक परेको भन्ने पालिकाको भनाइ रहेको भएता पनि माथि प्रस्तुत गरिएको तालिका अनुसार ती सामग्रीको स्पेशिफिकेशन तथा विशेषता करिब उस्तै प्रकृतिको भएको देखिन्छ। खरिदमा अधिकत्तम मितव्यिता तथा एकरुपता हुनेगरि खरिद गर्नुपर्दछ।

**३. बितरण** - पालिकाले खरिद गरेको उक्त मिनिट्रिलर फरक फरक शीर्षकबाट खरिद गरी वितरण गरेको देखिन्छ । साथै वडाबाट समेत छुटै खरिद गरी वितरण गरेको समेत पाईयो । कृषकलाई अनुदान स्वरुपम प्रदान गर्ने मिनिट्रिलर कृषि ज्ञान केन्द्र, परियोजना कार्यान्वयन ईकाइ जस्ता कार्यालयहरुले पनि अनुदान स्वरुपम वितरण गर्ने गरेको पाईन्छ । यसरी अनुदान वितरण गर्दा कृषक समुहहरूलाई दोहोरो नपर्ने गरि वितरण गर्ने र सोको जानकारी सार्वजनिकीकरण समेत गर्नुपर्दछ।

७५ **रित पूर्बकको कर बिजक**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रितपूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.११३६२३।९० समेत रु.९८७६५३।९० सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ।

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|---|
| ३२।०८२।३। २४ | एस पि एन साझा ईमपेक्स, पोखरा | ६१०८५५७७७ | बिजक नंम्बर स्पष्ट नभएको ०००११८ जस्तो देखिने | ९८७६५३। ९० | ११३६२३। ९० |
| **जम्मा** | | | | ९८७६५३। ९० | ११३६२३। ९० |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रू **३१,३३९.७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१३,६२३.९ |

७६ **एजबिल्ट ड्राइङ्ग**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७७ **हेभी इक्युपमेन्टको प्रयोग**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा कामको मुख्य उद्देश्य रोजगारी श्रृजना गर्ने भएमा उक्त काम उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने

जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नमुना छनौटका रुपमा हेरिएका योजनाहरुमा पालिका अन्तर्गत सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको नपाइएकोले उक्त रकम नियमसम्मत देखिएन।

| गो भौ न | उपभोक्ता समितिको नाम | कामको विवरण | मुल्याँकन | भुक्तानी | मेशिन प्रयोगको मु.अ.कर बिल |
|---|---|---|---|---|---|
| ९६ | लहरी पार्क वस्ति देखि चापाखर्कसम्म मोटरबाटो ट्र्याक ओपन उ.स. | ट्र्याक ओपन कार्य | ५४९९३३ | ४९९६८९ | ४८७०३० |
| १११ | छेउघरबाट बाजेखोला जाने मोटरबाटो ट्र्याक ओपन उ.स. | ट्र्याक ओपन कार्य | २१९८८२ | १९९३८५ | १९०९४२ |
| २८२ | पांमाखोला देखि दमार जाने कुलो मर्मत उ.स. | कुलो मर्मत योजना | २१५०१९ | १९२६२६ | १८५०९४ |
| **जम्मा** | | | | **८९१७००** | **८६३०६६** |

| | |
|---|---|
| अनियमित भएको | ८,६३,०६६ |

७८ **वडा कार्यालयबाट खरिद**

नगरपालिका पुंजीगत- नगरपालिकाको वडास्तरीय कार्यक्रमहरु संचालन अन्तर्गत सामाग्री खरिद तथा वितरणसँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्दा वडा कार्यालय आफै खरिदमा संलग्न भएको देखिन्छ । स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार वडा कार्यालयलाई छुट्टै खर्च गर्ने इकाईको रुपमा परिभाषित गरेको देखिदैन । सम्पुर्ण खर्चको भुक्तानी तथा लेखा राख्ने , प्रतिवेदन तयार गर्ने, खरिद सामाग्रीको पाम्पसमा जिन्सी दाखिला गर्ने तथा लेखापरीक्षण गर्ने गराउने जिम्मेवारी पालिका केन्द्रको रहेको र वडा कार्यालयहरु सो मातहतको सेवा प्रवाह इकाईको रुपमा रहेको सम्बन्धमा वडा कार्यालय स्वयमले खरिद कार्यमा संलग्न हुनु उचित देखिएन । सामाग्री खरिद संग सम्बन्धीत कार्यक्रमहरु पालिका केन्द्रले बार्षिक खरिद योजना अनुसार प्रतिस्पर्धी मूल्यमा खरिद गर्नु पर्दछ । तसर्थ यस्तो कार्यमा सुधार हुनुपर्ने देखिन्छ । नमुना छनौटका रुपमा देखिएका केही भौचरहरु निम्नानुसार छनः-

| गो.भौ.नं. | खरिद आईटम | खरिद संलग्न वडा | भुक्तानी फर्म | भुक्तानी रकम रु. |
|---|---|---|---|---|
| न.पु.८८।०८१।१२।७ | प्रोजेक्टर खरिद | वडा नं. १ | बज्रचार्य सप्लायर्स, खाँदबारी | ६९९४७ |
| न.पु.३८१।०८२।३।३२ | सि.सि.क्यामेरा जडान कार्य | वडा नं. ३ | कम्प्युटर पोइन्ट, खाँदबारी | १००००० |
| न.चा.११४०।०८२।३।२२ | कार्पेट, दराज खरिद | वडा नं. ३ | न्यु शर्मा फर्निचर अल ईन वान उद्योग, खाँदबारी | ३९७२० |
| न.चा. १२४७।०८२।३।३२ | विपद् सम्बन्धी विभिन्न सामाग्री खरिद | वडा नं. ३ | भरत कुमार घिमिरे(पे.फ.) | २००००० |
| न.चा. ११७०।०८२।३।२० | सिजि रेफ्रिजेनेटर | वडा नं. ३ | बज्रचार्य सप्लयार्स, खाँदबारी | ३९५५० |
| जम्मा | | | | ४४९२१७ |

७९ **मर्मत संभार कोष**

७९.१ नगरपालिकाको मर्मत संभार कोष संचालन कार्यविधि, २०७५ को दफा ६ मा मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम पूर्वाधार बिकासको मर्मत संभारको नियमित, पटके र आकस्मिक मर्मत संभार सम्बन्धि कार्यमा मात्र खर्च गर्न सकिने, दफा ७ मा उपभोक्ता समिति र वडा कार्यालय आदिबाट मर्मत सम्भारको लागि माग भइ आएका योजनाहरु र नगरपालिकाले आवश्यक ठानेका योजनाहरु

प्राथमिकताको आधारमा छनौट गरि तथा दफा ८ मा नगरभित्र रहेका भौतिक संरचनाहरुको मर्मत स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरि जनसहभागिता जुटाई प्रभावकारी रुपमा संचालन गरिने उल्लेख भएको छ । यसरि कार्यबिधिमा मर्मत संभारको लागि छनौट लगायत कार्यान्वयनको मापदण्ड निर्धारण गरेको छ । पालिकाले यस वर्ष मर्मत संभार कोषबाट रु. २४,८६,०९६ खर्च गरेको देखिन्छ । पालिकाले वार्षिक वजेटमा समावेश गरि संचलानमा ल्याउन सकिने योजना समेत खर्च गरेको देखिन्छ । यसरी तोक आदेशको आधारमा कोष संचालन कार्यविधिमा समेत कोषबाट खर्च हुने रकमको स्वीकृति गर्ने सम्बन्धमा उल्लेख नगरी योजना संचालन गरी खर्च गर्दा पारदर्शि प्रकृया अपनाएको देखिएन । मर्मत सम्भार कोषवाट आकस्मिक आएपर्ने मर्मत संभार कार्यमा खर्च गर्नु पर्नेमा कतिपय नयाँ योजना तथा योजना विना नै वडाको सिफारिसमा इन्धन मागगरी इन्धन दिएको देखिएको पाईयो । वार्षिक वजेटमा समावेश गरी संचालन गर्न सकिने योजनाहरुमा मात्र खर्च गर्नुपर्दछ।

७९.२ **मर्मत संभार कोषमा योजना अनुगमन तथा सुपरिवेक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ (ख) मा उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र अधिकार सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । सो दफाको बुदा नं. ५ मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने उल्लेख छ ।मर्मत संभार कोषबाट सञ्चालन तथा खर्च भएको योजनाहरुमा पालिकाको तर्फबाट योजनाहरुको अनुगमन तथा सुपरिवेक्षण गरेको देखिएन । अतः कानुनमा भएको व्यबस्थाको पुर्ण रुपमा पालना गरी पालिकाबाट सञ्चालन भई सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको प्रभावकारी तरिकाले अनुगमन तथा सुपरिवेक्षण गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।उदाहरणका रुपमा अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन नदेखिएका केही योजनाहरुको विवरण निम्न रहेका छन् ।

| गो.भौ.न.\मिति | कार्य | भुक्तानी | भुक्तानी रकम |
|---|---|---|---|
| २।०८१।९।८ | वडा ६ को बाटो मर्मत | महालक्ष्मी अटो मोबायल फ्युल सेन्टर | ८७६९७ |
| ५।०८१।१०।२ | वडा नं. ८ का विभिन्न बाटो निर्माण | गजेन्द्र गुरुङ्ग ८ नं. वडा | ४७८८७ |
| १६।०८१।११।५ | लिलिवर डाडापांमा अरुणथान सडक मर्मत लगायत अन्य कार्य | यसोदा आयाल सेन्टर | ६१८५४ |
| १७।०८१।१२।५ | खेल मैदान तथा बिभिन्न बाटो निर्माण लगायतका अन्य कार्य | यशोधा आयल सेन्टर | २१५२७९ |
| जम्मा | | | ४१२७१७ |

७९.३ **मर्मत संभार कोषबाट ब्यक्ति मार्फत खर्च** - पालिकाको मर्मत संभार कोष संचालन कार्यविधि, २०७५ को दफा ८ मा नगरभित्र रहेका भौतिक संरचनाहरुको मर्मत स्थानिय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरि जनसहभागिता जुटाई प्रभावकारी रुपमा संचालन गरिने उल्लेख भएको छ ।नमुना छनौटका रुपमा हेरिएकोमा कार्यबिधि बिपरित पालिकाले कार्यालयसंग असम्बन्धी ब्यक्ति मार्फत मर्मत कार्यादेश दिई देहाय अनुसार कार्य गरेकोले नियमसम्मत देखिएन।

| गो.भौ.नं. र मिति | कामको बिबरण | भुक्तानि पाउनेको नाम | रकम |
|---|---|---|---|
| ८।०८१।१०।१५ | सोमनाथ कर्भडहल ढल व्यबस्थापन | कुमार ब. मगर | ५४३८२.०० |
| १४।०८१।११।१५ | अधिकारी देखि मिनि मार्केट ट्र्याक ओपन | खगेश्वर घिमिरे | ६७०५३.०० |
| १५।०८१।११।१५ | राष्ट्रपति रनिङ्गशिल्ड खेलकुद प्रतियोगिता खेल मैदान व्यबस्थापन | रोषण थापा मगर | ४२१४४.०० |
| २१।०८२।२।१ | सशस्त्र वेश क्याम्प माने भन्जयाङ्ग डिउटी पोष्ट | ऋषिराम खत्री | २७९३६.०० |
| २२।०८२।२।२० | सडक बत्ती जडान | मदन कुमार शर्मा | ५००००.०० |
| जम्मा | | | २४१५१५.०० |

| | |
|---|---|
| अनियमित भएको | २,४१,५१५ |

८० **ग्याबिन जालीको कार्य**

**नगरपालिका पुजीगत-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न उपभोक्ता समिति मार्फत निर्माण कार्यमा ग्याबिल जालीको कार्य गर्दा उपभोक्ता समितिले खरिद गरेको ग्याबिन जाली परिमाण भन्दा नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदनमा ग्याबिन जाली खरिद र ढुंगा भर्ने कार्यको परिमाण बढी राखी भुक्तानी गरेको हुदा बढी भुक्तानी भएको रकम रू. ५६४९३ सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्दछ।

| उपभोक्ता समिति | कार्य | बिजक कम भएको जाली | मुल्यांकन रकम | भुक्तानी भएको परिमाण | भुक्तानी हुनुपर्ने परिमाण | बढी भुक्तानी परिमाण | दर | बढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|---|---|
| कालेडाँडा इम्पिङ जोड्ने मोटरबाटो स्तरोन्नती उ.स. | ग्याबि जाली तथा ढुंगाको काम | ३*१*१ | ३९८८३१ | ८१.५ घ.मि. | ७५.५ घ.मि. | ६ घ.मि. | ४३४९।१७ | २६०९५ |
| घट्टेखोला पुल तथा गोरेटोबाटो निर्माण उ.स. | ग्याबि जाली तथा ढुंगाको काम | १.५*१*१ | २६५३८९ | ९ घ.मि. | ६ घ.मि. | ३ घ.मि. | ४८१५।४४ | १३५५५ |
| हिमालय मा.बि. वडा नं. १ खेलमैदान स्तरोन्नती उ.स. | ग्याबि जाली तथा ढुंगाको काम | ३*१*१ | ११६३५२१ | १८५ घ.मि. | १८१.५५ घ.मि. | ३.४५ घ.मि. | ४८८२।२६ | १६८४३ |
| जम्मा | | | | | | | | ५६४९३ |

| असुल गर्नुपर्ने | ५६,४९३ |
|---|---|

## ८१ मुल्यांकन फरक पारि बढी भुक्तानी

**नगरपालिका पुजीगत-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले भुपाल महतेको देखि गैरीगाँउ जाने बाटो निर्माण कार्यका लागि रू.२,२५,३३८.५१ को लागत अनुमान तयार गरी सोही आधारमा प्राविधिक नापी मुल्यांकन सहितको कार्यसम्पन्न रू.२,२०,९६१.५३ गरेको छ । उक्त कार्यसम्पन्नका आधारमा भुपाल महतेको देखि गैरीगाँउ जाने बाटो उपभोक्ता समितिलाई रू.१,९६,११५ भुक्तानी दिएको देखिन्छ। उक्त कार्यको लागि लागत अनुमानमा मानिसद्धारा सबै प्रकारका माटो काट्ने कार्य भनी दर बिश्लेषण गरी सोही दर अनुसार नापी किताबमा जनाई भुक्तानी समेत गरेको देखिन्छ । सोको स्रेस्ता परीक्षणमा मेशिनद्धारा माटो काट्ने कार्य गरेको फोटो सहितको प्रमाण देखिएको हुदा, कार्य फरक पारि बढी भुक्तानी गरेको रकम रू.१८,२६८ सम्बन्धितबाट असुल हुनुपर्दछ।

| कार्य | म्यानुअल दर भुक्तानी | मेसिन प्रयोग दर | फरक दर | कार्य परिमाण | बढी भुक्तानी रकम(मु.अ.कर समेत) |
|---|---|---|---|---|---|
| सबै प्रकारका माटो काट्ने कार्य | ५८० | ६१ | ५१९ | ३५।२० | १८२६८ |

| असुल गर्नुपर्ने | १८,२६८ |
|---|---|

## ८२ रिटेन्सन मनी कट्टी नगरेको

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) अनुसार रनिङ बिल वा अन्य विजकको भुक्तानी दिँदा सम्झौता अनुसार रिटेन्सन मनी वापतको ५ प्रतिशत रकम कट्टी गर्नुपर्ने र उक्त रिटेन्सन मनी त्रुटी सच्याउने दायित्व सकिए पश्चात कर समायोजन पेश गरेपछि फिर्ता दिनुपर्ने व्यबस्था छ । पालिकाले देहायको फर्मसंग निर्माण कार्यको भुक्तानी गर्दा सम्झौतामा भएको प्रावधान अनुसार ५ प्रतिशत रिटेन्सन मनी कट्टा नगरी भुक्तानी गरेको छ । अतः नियमावलीमा भएको व्यबस्था बमोजिम छुट भएको रिटेन्सन मनी कट्टा गरेको प्रमाण पेश गर्नुपर्दछ।

| प्रमाण पेश नगरेको | ४०,५७५ |
|---|---|

८३ **हेभिकोटेड ग्याविन गुणस्तर परिक्षण**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-३** को निर्णयले रू **९०३,२१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८४ **उपभोक्ता समिति धरौटी**

नगरपालिका पुजीगत - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) मा सम्झौता बमोजिम धरौटी कट्टा गर्नु उल्लेख छ । यसै गरी पालिका र उपभोक्ता समिति बीच भएको सम्झौताको अन्तिम शर्तमा पाँचलाख भन्दा माथीका कार्यान्वियन हुने योजना आयोजनामा ५ प्रतिशत धरौटी रकम कट्टा गरी राखिने र यस्तो धरौटी रकम एक बर्ष पछि भुक्तानी गरिने उल्लेख छ । तर कार्यालयले उपभोक्ता समिति मार्फत रू. ५ लाख भन्दा बढीका निर्माण कार्य गराई भुक्तानी दिदा निम्न निर्माण कार्यहरुमा सम्झौताको शर्त अनुसार धरौटी कट्टा नगरी सम्पुर्ण रकम उपभोक्ता समितिलाई भुक्तानी गरेकोले निर्माण पश्चातको त्रुटि सच्चयाउने दायित्व उपभोक्ता समितिहरुले पुरा नगर्ने जोखिम रहन्छ । अतः सम्झौता अनुसारको धरौटी कट्टा गर्नु पर्दछ । अन्य निर्माण कार्यमा समेत धरौटी कट्टा छुट भएको कार्यालयवाटै यकिन गरी समितिहरुवाट सम्झौता बमोजिम धरौटि जम्मा गरेको प्रमाण पेश हुनुपर्दछ।

| **गो भौ न** | **उपभोक्ता समिति** | **कार्य सम्पन्न रकम** | **सम्झौता अनुसार कट्टा गर्नु पर्ने धरौटी रु** |
|---|---|---|---|
| १०९।०८१।१२।२० | चेवाखोला कालिका देवी थान मोटरबाटो स्तर बृद्धि उ.स. | ५४४७४० | २७२३७ |
| १९६।०८२।२।१८ | मैया श्रेष्ठको घर अगाडीबाट छाङ्गवा शेर्पाको घरसम्म मोटरवाटो स्तरबृद्धि उ.स. | ५५१९१२ | २७५९६ |
| २५६।२०८२।३।५ | महभिर मुहान जाने बाटो सुनखोला पुल तथा कल्भर्ड निर्माण उ.स. | ५४८९५५ | २७४४७ |
| ६।०८१।१२।१७ | भद्रकाली खेलमैदान स्तरोन्नती उ.स. | ५४७९८२ | २७३९९ |
| २०।०८२।३।१५ | महेन्द्र मा.बि. मानेभञ्ज्याङ्ग खेलमैदान स्तरोन्नती उ.स. | ५५०५११५ | २७५२५ |
| जम्मा | | | १३७२०४.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३७,२०४ |

८५ **फर्म वर्क कार्य दोहोरो**

नगरपालिका पुंजीगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यबस्था छ । पालिकाले निम्न ठेक्का मार्फत सडक सम्बन्धि कार्य गर्नका लागि तयार गरेको लागत अनुमानमा दर बिश्लेषण गर्दा Plain\Reinforced Cement Concrete Works को PCC Grade M20 कार्यमा Form work दर बिश्लेषणमा नै समावेश गरी लागत अनुमान तयार गरेको अवस्थामा पुनः फर्म वर्क भनी छुटै दर बिश्लेषण गरी निर्माण कार्य गरेको देखिन्छ । यसरी एउटै कार्यको लागि दुई तरिकाले दर बिश्लेषण गरी निर्माण कार्य सम्पन्न गर्दा बढी भुक्तानी भएको देखिन्छ ।अतः यस्तो दोहोरो हुने गरि दर बिश्लेषण गरी बढी भुक्तानी गरेको रकम असुल हुनपर्दछ।

| योजना | भुक्तानी पाउनेको नाम | कार्य विवरण | परिमाण | दर(मुअकर समेत) | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| Khadbari Baderini Road Maintenance works (Pathakgau- Bhansbari Road Section) | हरि कृष्ण निर्माण सेवा, खाँदबारी | बाटो स्तरोन्नती | ८८.८८ | ५०१.१३ | ४४५४० | लागत अनुमान अनुसार दर लिएको, दोहोरो मध्ये एक लेखिएको । |
| जम्मा | | | | | ४४५४० | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रू **४५,२९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ४४,५४० |
|---|---|

८६ **अमानतबाट कार्य**

नगरपालिका पुजीगत - सार्वजनिक खरिद ऐन तथा नियमावलीले खरिद विधिमा खुल्ला प्रतिस्पर्धाद्धारा उपभोक्ता समिति मार्फत, अमानतबाट निर्माण कार्य, गैर सरकारी संस्था मार्फत कार्य गराउन सक्ने प्रावधान छ । यसै ऐनको दफा ४५ मा सामान्य प्रकृतिको मर्मत संभार कार्य अमानतबाट गराउन सकिने र यसै नियमावली, २०६४ को नियम ९८ अनुसार अमानतबाट कार्य गराउदा एक तह माथि अधिकारीको पूर्व स्वीकृती लिनुपर्ने, अमानतबाट कार्य गराउन निर्माण सामाग्री ऐन, नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम लगाउनु पर्ने उल्लेख छ । नगरपालिकाले सामान्य प्रकृतिको मर्मत संभार कार्य कुनै व्यक्ति जो कार्यालयसंग असम्बन्धि व्यक्तिलाई कार्यादेश दिई गरेको र मर्मत संभारमा लाग्ने मालसामान समेत स्वयम व्यक्तिले खरिद गर्ने गरी कार्यादेश दिएकोले ऐन नियमको प्रावधानको पालना भएको छैन । ऐन नियमका प्रावधानको पालना सहित यस प्रकारको कार्यप्रक्रियामा सुधार गर्नुपर्दछ।

| गो.भा.न\मिति | भुक्तानी पाउनेको नाम | वापत | रकम |
|---|---|---|---|
| ८३।०८१।१२।७ | कृष्ण बहादुर तामाङ्ग | गुम्बा व्यबस्थापन | ५०००० |
| ९४।०८१।१२।११ | धन बहादुर खड्का | धारा मर्मत | ५०००० |
| १०५।०८१।१२।१५ | अर्जुन राई | मसानघाट खानेपानी निर्माण | ४६२९८ |
| १६६।०८२।०१।२४ | मेष बहादुर आले | भवन व्यबस्थापनका लागि सामाग्री खरिद | ५०००० |
| २३९।०८२।३।१ | गिताराम कटुवाल | भेडेटार आकासे खेत मोटरबाटो मर्मत | ४८९१३ |
| २४१।०८२।३।१ | तिर्थराज गुरूङ्ग | विभिन्न योजना मर्मत संभार | ९०००० |
| २९५।०८२।३।१६ | गोबिन्द बहादुर भुजेल | मोटरबाटो सोलिङ्ग | ८८८४२ |
| जम्मा | | | ४२४०५३ |

८७ **कार्यालयको काम उपभोक्ता समिति मार्फत गराएको**

नगरपालिका पुजीगत - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नहुने र

प्रतिस्पर्धाबाट कार्यालयले गराउनुपर्ने कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु नियमसम्मत देखिएन।

| **भौ नं.** | **उपभोक्ता समिति** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ४२ | ५ नं. वडा कार्यालयको कम्पाउण्ड वाल निर्माण उ.स. | वडा ५ को कम्पाउण्डको वाल निर्माण(दोस्रो र अन्तिम बिल) | १३४८५२१.०० |
| २२७ | १० नं. वडा कार्यालय कम्याउण्ड मर्मत | १० नं. वडा कार्यालय कम्याउण्ड मर्मत | १९६६५६.०० |
| **जम्मा** | | | **१५४५१७७.००** |

| | |
|---|---|
| अनियमित भएको | १५,४५,१७७ |

८८ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**

**नगरपालिका पुजीगत** - पूँजी सृजना नहुने खालका वितरण मूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीयतहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघसंस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रू. ५,४३,९०९ भुक्तानी दिएको पाईयो। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

| क्र.स. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १. | मिलन बस्ती सामुदायिक भवन भौतिक सामाग्री खरिद | चम्चा, बाल्टी तथा थाल आदि खरिद | १०००००.०० |
| २. | मेडिसर्ज टेड्र्स | स्वास्थ्य सम्बन्धि सामाग्री खरिद | ३९९८३९.०० |
| ३. | पुजा आधुनिक फर्निचर उद्योग | फाइल लगायतका सामाग्री खरिद | ४४०७०.०० |
| जम्मा | | | ५४३९०९.०० |

८९ **तुम्लिङ्टार बस पार्क**

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम शसर्त- खाँदबारी नगरपालिका तुम्लिङ्गटार बसपार्क निर्माण कार्यको लागि रू. ४९,९०,७३३.३५(पिए र भ्याट समेत) को लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ई बिड मार्फत कम कबोल गर्ने निर्माण व्यबसायी सेक्नेपेदेन बिल्डर्स प्रा.ली. संखुवासभासंग मिति २०८२।२।३० मा सम्पन्न गर्ने गरी रू.३२,४९,३२५(पि.एस.र भ्याट समेत) मिति २०८१।९।२ मा संझौता भएको देखिन्छ । उक्त संझौता बमोजिम रू. ३२,१९,४०९ भुक्तानी सहित मिति २०८१।१२।१५ निर्माण कार्य सम्पन्न गरेको देखिन्छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः-

८९.१ **भत्काउने कार्य** - बस पार्क निर्माण कार्य सुरु गर्नुपुर्व वा सञ्चालनको अवस्थामा कुनै पुरानो संरचना भत्काउनुपर्ने तथा सफा गर्नुपर्ने भनी सम्झौताको बि.ओ.क्यु को पि.ए.समा Dismantaling/Miscellaneous, site Clearance भनी रू. २०,००० राखिएको छ । उक्त निर्माण कार्य सम्पन्न पश्चात भुक्तानी गर्दा उक्त रकम समेत भुक्तानी भएको देखिन्छ । तर उक्त कार्यलाई पुष्ट्राई गर्ने प्रमाण तथा बिल पेश भएको देखिएन । तर्सथ बि.ओ.क्यु को पि.ए.समा भएको Dismantaling/Miscellaneous, site Clearance कार्य भएको सम्बन्धमा प्रमाण सहित बिल पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,००० |

८९.२ **ल्याब टेष्ट बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-१८** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

८९.३ **कार्य दोहोरोपना-** खाँदबारी नगरपालिका तुम्लिङ्गटार बस पार्क निर्माणका लागि संघीय शसर्त कार्यक्रमबाट रू. ५० लाख बजेट विनियोजन भएको देखिन्छ । जुन कार्यक्रमका लागि शर्सत अनुदान प्राप्त भएको हो सोही कार्यक्रममा खर्च गरी बांकी रहेको रकम संघीय कोषमा फिर्ता गर्नुपर्ने कानुनी व्यबस्था रहेको देखिन्छ । तर पालिकाले सो निर्माण कार्यबाट बांकी रहेको रकम सोही बस पार्क निर्माण कार्यको लागि कोटेशन मार्फत झारपात निर्माण सेवा, खाँदबारीसंग संझौता गरी संझौता बमोजिमा निर्माण कार्य सम्पन्न गरी रू.९,६८,४८२।७१ भुक्तानी गरेको देखिन्छ । ठेक्का मार्फत भएको कार्य र कोटेशन मार्फत भएको काम प्रकृति समेत एकै किसिमको हुदा कार्य फरक फरक भएको सम्बन्धमा एकिन हुन सकिएन, जस्तैः- Stone solling, M15 plum concrete जस्ता कार्यहरु रहेका छन् । तर्सर्थ नियमको पालना नगरेको र कार्यमा दोहोरोपना नभएको नखुलाई एकै ठाउमा एकै प्रकृतिको कार्य गरी भुक्तानी गरेको रकम नियमसम्मत देखिएन।

| अनियमित भएको | ९,६८,४८२.७१ |
|---|---|

## ९० सामाजिक सुरक्षा तर्फ

सामाजिक सुरक्षा तर्फ देखिएका समग्र वेहोराहरु देहायबमोजिम छन्

९०.१ **हिसाब भिडान -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि आएको तर निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नुपर्दछ ।

९०.२ **सामाजिक सुरक्षा विवरण -** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६, बिद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४, सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाबाट ११य वडाको सामाजिक सुरक्षा कार्यक्रमको लागि यो बर्ष नेपाल सरकारबाट प्राप्त बजेट मध्ये रू. १३,६०,६८,८२३।०० खर्च भएको आर्थिक विवरण पेश गरेको छ । पालिकाको यस बर्षको सामाजिक सुरक्षा अनुमानित बजेट प्रतिवेदन, पालिकाबाट भएको निकासा र लाभग्राहीहरुको खातामा जम्मा भएको रकमको स्थिति देहायबमोजिम रहेको छ ।

| किस्ता | अनुमानित बजेटप्रतिवेदन | लक्षित समूह | निकासा रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|---|
| प्रथम | ३३५२०५३६ | ज्येष्ठ नागरिक | २४७७७१०७ | २४७६३२३२ | १३८७५ |
| | | ज्येष्ठ नागरिक दलित | १६२३८८७ | १६२३८८७ | |
| | | ज्येष्ठ नागरिक एकलमहिला | २०२६९२० | २०२६९२० | |
| | | बिधवा | ३०८५६०० | ३०८५६०० | |
| | | पुर्ण अपाङ्ग क बर्ग | ६२२४४० | ६२२४४० | |
| | | आंशिक अपाङ्ग ख बर्ग | १०२५६९६ | १०२५६९६ | |
| | | दलित बालबालिका | ३५८८८६ | ३५८८८६ | |
| | | जम्मा | ३३५२०५३६ | ३३५०६६६१ | |
| किस्ता | अनुमानित बजेटप्रतिवेदन | लक्षित समूह | निकासा रकम | खर्च रकम | फिर्ता रकम |
| दोस्रो | ३३७८२८२१ | ज्येष्ठ नागरिक | २५०१०४२१ | २४९९८४२१ | १२००० |
| | | ज्येष्ठ नागरिक दलित | १६२२६०० | १६२२६०० | |
| | | ज्येष्ठ नागरिक एकलमहिला | २०१८९४० | २०१८९४० | |
| | | बिधवा | ३१२५५०० | ३१२५५०० | |
| | | पुर्ण अपाङ्ग क बर्ग | ६१२५९८ | ६१२५९८ | |
| | | आंशिक अपाङ्ग ख बर्ग | १०३८४६४ | १०३८४६४ | |
| | | दलित बालबालिका | ३५४२९८ | ३५४२९८ | |
| | | जम्मा | ३३७८२८२१ | ३३७७०८२१ | |
| किस्ता | अनुमानित बजेटप्रतिवेदन | लक्षित समूह | निकासा रकम | खर्च रकम | फिर्ता रकम |
| तेस्रो | ३४२०३३०८ | ज्येष्ठ नागरिक | २५३००६८८ | २५३००६८८ | |
| | | ज्येष्ठ नागरिक दलित | १६६७८२० | १६६७८२० | |
| | | ज्येष्ठ नागरिक एकलमहिला | २०१८९४० | २०१८९४० | |
| | | बिधवा | ३२२३९२० | ३२२३९२० | |
| | | पुर्ण अपाङ्ग क बर्ग | ६१०४७० | ६१०४७० | |
| | | आंशिक अपाङ्ग ख बर्ग | १०२१४४० | १०२१४४० | |
| | | दलित बालबालिका | ३६००३० | ३६००३० | |
| | | जम्मा | ३४२०३३०८ | ३४२०३३०८ | |
| किस्ता | अनुमानित बजेटप्रतिवेदन | लक्षित समूह | निकासा रकम | खर्च रकम | फिर्ता रकम |
| चौथो | ३४७०८२४३ | ज्येष्ठ नागरिक | २६०२८१०८ | २६००२४३१ | २५६७७ |
| | | ज्येष्ठ नागरिक दलित | १५४३३१५ | १५४२८०० | ५१५ |
| | | ज्येष्ठ नागरिक एकलमहिला | १८४६०४० | १८४६०४० | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बिधवा | ३३०१०६० | ३३०१०६० | |
| | | पुर्ण अपाङग क बर्ग | ६३८९३२ | ६३८९३२ | |
| | | आंशिक अपाङग ख बर्ग | ९९६६५९ | ९९५९०४ | ७५५ |
| | | दलित बालबालिका | ३५४१२९ | ३५४१२९ | |
| | | जम्मा | ३४७०८२४३ | ३४६८१२९६ | |
| कुल जम्मा | | | १३६२१४९०८ | १३६१६२०८६ | ५२८२२ |

९०.३ **तुलनात्मक विवरण-** पालिकाको अघिल्लो आर्थिक बर्ष र यस आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ११ वडाका लाभग्राहीहरुको औषत निकाली तुलनात्मक अवस्था निम्न रहेको देखिन्छ । उक्त विवरणको तुलनात्मक अध्यन्न गरी सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण वास्तविक अध्यावधिक गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| **लक्षित समुह** | **आ.ब. २०८०।८१ को चार त्रैमासिकको औसत सँख्या** | **आ.ब. २०८१।८२ को चार त्रैमासिकको औसत सँख्या** | **भत्ता दर** |
|---|---|---|---|
| अन्यजेष्ठ नागरिक भत्ता | ८०९५ | ८४९९ | ४००० |
| जेष्ठ नागरिक (दलित) | ७९५ | ८२२ | २६६० |
| जेष्ठ नागरिक (एकल महिला) | १०७७ | ९९२ | २६६० |
| विधवा | १४४३ | १६०८ | २६६० |
| पुर्ण अपाङ्गताक | २५२ | २०९ | ३९९० |
| अति अशत्त अपाङ्गता ख | ६२४ | ६४१ | २१२८ |
| दलित बालबालिका | ९९२ | ८२९ | ५३२ |
| लोपोन्मुख जाति | ० | ० | ३९९० |
| जम्मा | **१३२७८** | **१३६००** | |

९०.४ **सामाजिक सुरक्षा त्रैमासिक वितरण** - सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको त्रैमासिक तथा बार्षिक प्रतिवेदन अनुसुची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धि विषय हेर्ने निकायमा पठाउनु पर्नेछ ।यस नियम बमोजिम उक्त अनुसुची अनुसार प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गरेको संख्या र रकम निम्न अवस्थामा रहेको पाइयो ।

| लाभग्राही समुह | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौँथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | १२६९ | १५०९७३१५ | १२७७ | १५१८५५७१ | १२८६ | १५३१३२९५ | १३०६ | १५४९३४७६ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ८४ | ६६७६६० | ८३ | ६६२३४० | ८२ | ६५४३६० | ८० | ६३५७४० |
| जेष्ठ नागरिक एकल महिला | १२७ | १००७६०८ | १२६ | १००५४८० | १२० | ९५७६०० | ११० | ८७७८०० |
| विधवा | १८४ | १४४७०४० | १८८ | १४७१६९० | १९३ | १५२६८४० | १९९ | १५८२७०० |
| पूर्ण अपाङ्गता भत्ता | ४२ | ४९८७५० | ४२ | ४९६८८८ | ४१ | ४९०७७० | ४२ | ५०२७४० |
| अति अशक्त अपाङ्गता भत्ता | ९७ | ६१९२४८ | १०० | ६२५६३२ | १०१ | ६४२६५६ | ९८ | ६२५६३२ |
| दलित बालबालिका | ११३ | १७१८३६ | ११५ | १७५८२६ | ११५ | १७८३९७ | ११५ | १७६४२१ |
| जम्मा | १९१६ | १९५०९४५७ | १९३१ | १९६२३४२७ | १९३८ | १९७६३९१८ | १९५० | १९८९४५०९ |
| | | | | | | | | |

९०.५ **नागरिकता नम्बर एकै भएका लाभग्राही -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने सम्बन्धि व्यबस्था रहेको छ ।नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका ११ वटा वडा मध्ये निम्न वडाको प्रथम त्रैमासिकको नमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नंम्बर दोहोरो परेको देखिन्छ ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी यात् दोहोरो परे नपरेको भए सम्बन्धितबाट असुल गरी एम आइ एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ।

| **Frist Installment** | | | | | |
|---|---|---|---|---|---|
| **s.no.** | **Ward no.** | **Member Name** | **Citizenship no.** | **Personal Id no.** | **Payment Amt.** |
| **1.** | 9 | Beli Kumal | 997 | 2010112003808 | 12000 |
| **2.** | 11 | Ganesh Rai | 997 | 2010110703714 | 12000 |
| **3.** | 7 | Ratna Bahaduhar Rai | 995 | 2007052003459 | 12000 |
| **4.** | 9 | Kalmayan Kumal | 995 | 2000123055004 | 12000 |
| **5.** | 11 | Sabitra Rai | 93 | 2018082700782 | 7980 |
| **6.** | 11 | Surendra Rai | 93 | 2031080500765 | 11970 |
| **7.** | 5 | Kamala Rai | 91 | 2014101202413 | 7980 |
| **8.** | 9 | Sarita Kumal | 91 | 2029120100497 | 7980 |
| **9.** | 5 | Jhagarimaya Biswakarma | 879 | 2004123022782 | 12000 |
| **10.** | 10 | Jhukki Maya Kami | 879 | 2017123081988 | 7980 |

९०.६ **बैंक रुजु तथा परीक्षण** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैँकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैँकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ ।यस पालिकाले ११ वडाको नेपाल राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, खाँदबारी मार्फत सामाजिक सुरक्षा भत्ता बितरण गर्ने सम्बन्धित बैँकबाट एक आर्थिक बर्षसम्म वा सो भन्दा बढी समयमा एक पटक पनि रकम नझिकेका लाभग्राहीहरुको विवरण माग गर्दा निम्न लाभग्राहीहरुको मौज्दात रू. १७७३९९०२।१८ बाँकी रहेको देखिन्छ । कार्यालयको भनाई अनुसार मिति २०६५ साल देखिनै निष्क्रिय अवस्थामा केही लाभग्राहीहरूको रहेको छन । सो लाभग्राहीहरुको सम्बन्धमा पालिकाले सुक्ष्म तरिकाले छानबिन गरी रकम पाउनु पर्ने तथा के.वाई.सी. अपडेट रहेको लाभग्राही पहिचान गरि सो बाहेकका लाभग्राहीहरु निष्कृय रहेको अवस्थामा लगत कट्टा गर्नुपर्ने भए गरी बढी\बांकी भएको रकम तथा निक्रिय रहेको खाताको रकम सघिँय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ९०.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९०.७ **परदर्शिता र जवाफदेहिता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।

९०.८ **सार्वजनिक सुनुवाई** - स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।

९०.९ **अनुगमन** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : खाँदवारी नगरपालिका, संखुवासभा , खाँदबारी नगरपालिका , संखुवासभा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पदम प्रसाद वजगाई | २०८१-१२-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | दिपकमणी घिमिरे | २०८१-०२-१५ | २०८१-०५-०३ |
| कार्यालय प्रमुख | रामदत्त भट्ट | २०८१-०५-०४ | २०८१-०७-१२ |
| कार्यालय प्रमुख | भक्त बहादुर खड्का | २०८१-०८-०९ | २०८१-११-०५ |
